# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १३२ | काठमाडौं | मंगलबार, १७ भदौ २०८२ | Prabhab National Daily | Tuesday, 02 September 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


रूपन्देही-३ उपनिर्वाचन

## विवादित पात्रलाई उम्मेदवार बनाउँदै रास्वपा, ठूला दल तयारीमै



- राास्वपाले चयन गरेको उम्मेदवार डा. लेखजंग थापा विवादमा तानिएपछि सोमबारका लागि तय गरेको पत्रकार सम्मेलन स्थगित
- महामन्त्री विश्वप्रकाश शर्मा भैरहवाबाट फर्केपछि कांग्रेसले आफ्नो उम्मेदवार चयन प्रक्रिया अगाडि बढाउने
- एमाले, राप्रपा, एकीकृत समाजवादीले यसअघि नै उम्मेदवार सिफारिस गरे पनि चयनमा भने ढिलाइ

■ प्रभाव संवाददाता

**काठमाडौं–** रूपन्देही क्षेत्र नम्बर ३ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रस्वपा)ले डा. लेखजंग थापालाई उम्मेदवार चयन गरेसँगै चुनावी सरगर्मी बढेको छ । रास्वपाले थापालाई आइतबार उपनिर्वाचनका लागि 'प्राइमरी इलेक्सन' मार्फत उम्मेदवार चयन गरेको हो ।

रूपन्देही सिद्धार्थनगर-९ का वरिष्ठ न्युरोलोजिस्ट रहेका उनीमाथि बहुविवाहको आरोप लागेपछि अहिले विवादमा तानिएका छन् । जसकारण थापाको उम्मेदवारीबारे रास्वपाले सोमबार डाकेको पत्रकार सम्मेलनसमेत स्थगित गर्‍यो । रास्वपाका प्रवक्ता मनिष झाले विशेष कारण पत्रकार सम्मेलन स्थगित भएको तर्क गरे । साना र नयाँ दलले धमाधम उम्मेदवार चयन गर्दा ठूला दलले भने उम्मेदवार चयन गर्न सकेको छैन ।

### महामन्त्री शर्माको कमाण्डमा उम्मेदवार छान्दै कांग्रेस

प्रतिनिधिसभामा सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले उक्त क्षेत्रमा उम्मेदवार चयनका लागि महामन्त्री विश्वप्रकाश शर्मालाई खटाएको छ । शर्मा बुधबार काठमाडौं फर्किएपछि मात्र कांग्रेसले उम्मेदवार चयन गर्ने प्रक्रिया सुरु गर्ने कांग्रेस नेताहरू बताउँछन् । 'ग्राउण्ड जिरो रिपोर्ट तयार गर्न महामन्त्री शर्मा खटिनुभएको छ । उहाँ फर्किनुभएपछि उम्मेदवार चयनको प्रक्रिया सुरु हुने छ,' कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले भने । यो क्षेत्रमा पूर्वगृहमन्त्री बालकृष्ण खाणलाई मनाउन सक्ने व्यक्तिले टिकट हत्याउने देखिन्छ ।

क्रमशः पृष्ठ ३ मा

# चीनको सुरक्षा अवधारणा 'जिएसआई'ले नेपालमा हलचल

## समर्थनको विषयलाई लिएर सरकारको आलोचना, सरकारद्वारा अस्वीकार



प्रधानमन्त्री ओलीको यो भ्रमण मूलतः सांघाई सहयोग संगठन प्लसको सम्मेलनका लागि हो । सामान्यतया यस्ता सम्मेलनका साइडलाइन वार्तामा कुनै सहमति र समझदारीमा हस्ताक्षर हुँदैन र गरिएको छैन । सहमति नै नभएको विषयमा नेपाल जिएसआईको पक्ष बन्यो भन्ने ढंगले प्रचार गरिनु गलत छ ।

■ डा. युवराज खतिवडा
प्रधानमन्त्रीका आर्थिक सल्लाहकार



विश्वमा शान्ति र सुव्यवस्थाको प्रस्ताव ल्याउने भनेको त मुख्य शक्ति देशहरूले नै हो । यदि, त्यस्तो प्रस्तावको पक्षमा उभिँदा हाम्रो विदेश नीतिलाई प्रभावित गर्दैन, कुनै सैन्य गठबन्धनमा सामेल नहुने निश्चित हुन्छ भने त्यसलाई समर्थन गर्दा के फरक पर्छ र ?

■ डा. टंक कार्की
चीनका लागि पूर्वनेपाली राजदूत




चीनमा भएको सांघाई सहयोग संगठन (एससिओ)को सम्मेलनमा प्रधानमन्त्री केपी शर्मा ओलीसहित नेपाली प्रतिनिधिमण्डल । *तस्बिरः रासस*

■ जेबी योञ्जन

- जिएसआईको समर्थन विषयले सरकारलाई तनाव
- प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध समितिले प्रधानमन्त्रीसँग जवाफ लिने
- माओवादी केन्द्रले जिएसआई समर्थन गरे/नगरेको प्रमाणित भएपछि धारणा सार्वजनिक गर्ने
- चिनियाँ राष्ट्रपति सी चिनफिङले सन् २०२२ मा अघि सारेको चिनियाँ सुरक्षा अवधारणा हो जिएसआई

**काठमाडौं–** चीन सरकारको ग्लोबल सेक्युरिटी इनिसियटिभ (जिएसआई)लाई नेपालले समर्थन गरेको भन्ने विषयले नेपालको राजनीतिमा सनसनी मच्चाएको छ । प्रधानमन्त्री केपी शर्मा ओली चीनमै रहेका बेला यो विषय विवादमा आएको हो ।

तीन वर्षअघि चिनियाँ राष्ट्रपति सी चिनफिङले बोआओ फोरममा यो सुरक्षा अवधारणा प्रस्ताव गरेका थिए । यसलाई अमेरिकी सरकारको हिन्द-प्रशान्त सुरक्षा रणनीतिलाई 'काउण्टर' दिन राष्ट्रपति सीले अघि सारेको चिनियाँ सुरक्षा रणनीतिको रूपमा अर्थ्याइन्छ ।

यही अवधारणालाई नेपालले समर्थन गरेको भन्ने विषय प्रधानमन्त्री केपी शर्मा ओली चीन भ्रमणमै रहेका बेला नेपालमा तुफानी शैलीमा फैलिएको हो । सांघाई सहयोग संगठन (एससिओ)को सम्मेलनमा भाग लिन गएका प्रधानमन्त्री ओली शनिबारदेखि चीनको तियानजिनमा छन् ।

यहीबीच शनिबार नै चिनियाँ राष्ट्रपति सीसँग ओलीको द्विपक्षीय भेटवार्तापछि चीनको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा जिएसआईमा नेपालको समर्थन रहेको आशय नै प्रकट छ । विज्ञप्तिको यही आशयलाई लिएर नेपालमा सरकारको विरोध भइरहेको हो ।

यसपछि प्रधानमन्त्री ओलीका एक जना सल्लाहकारले यसबारे खण्डन गर्नुपरेको छ । चीनमै रहेका ओलीका आर्थिक तथा विकास मामिला सल्लाहकार डा. युवराज खतिवडाले नेपालको समर्थन जिएसआईमा नभएको प्रस्टीकरण दिए । उनले नेपालले समर्थन गरेको भन्ने विषय गलत भएको दाबी गरे ।

'प्रधानमन्त्री ओलीको यो भ्रमण मूलतः सांघाई सहयोग संगठन प्लसको सम्मेलनका लागि हो । सामान्यतया यस्ता सम्मेलनका साइडलाइन वार्तामा कुनै सहमति र समझदारीमा हस्ताक्षर हुँदैन र गरिएको छैन,' उनले भने, 'सहमति नै नभएको विषयमा नेपाल जिएसआईको पक्ष बन्यो भन्ने ढंगले प्रचार गरिनु गलत छ ।'

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# श्रम सम्झौताको लक्ष्य भेट्टाउन कठिन

## सम्बन्धित मुलुकले चासो नदेखाउँदा समस्या भएको मन्त्रालयको दाबी

■ ममता थापा

**काठमाडौं–** वैदेशिक रोजगारको क्षेत्र विस्तार हुँदै जाँदा सरकारले विभिन्न मुलुकहरूसँग श्रम सम्झौताका लागि पहल गर्दै आएको छ । तर, सरकारको पहल प्रभावकारी हुन सकेको छैन । सरकारको लक्ष्य कम्तीमा २५ वटा मुलुकसँग श्रम सम्झौता गर्ने थियो । प्रस्तावित मुलुकहरूले खासै चासो नदेखाउँदा उक्त लक्ष्य प्राप्तिमा चुनौती देखिएको छ ।

हाल १२ वटा मुलुकसँग नेपालले श्रम सम्झौता तथा श्रम समझदारी गरेको छ । जसमा कतार, दक्षिण कोरिया, बहराइन, जोर्डन, मलेसिया, जापान, मरिसस, युएई, इजरायल, बेलायत, रोमानिया र जर्मनी रहेका छन् । यी मुलुकहरूमध्ये धेरैमा श्रम सम्झौता नवीकरण हुन सकेको छैन । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अनुसार साउदी, कुवेत, कतार, मलेसियालगायतका मुलुकसँग सम्झौता नवीकरणको काम भइरहेको छ । साउदी अरेबियासँगको नवीकरण अन्तिम चरणमा रहेको मन्त्रालयको भनाइ छ । सम्झौताको मस्यौदा मन्त्रिपरिषद्मा छलफलको क्रममा रहेको मन्त्रालयले जानकारी दिएको छ ।

हाल सरकारले सम्झौताका लागि प्रस्ताव गरेका मुलुकको संख्या १५ पुगेको छ । जसमा अधिकांश युरोपेली मुलुक छन् । बोस्निया र हर्जगोभिना, अल्बानिया, क्रोएसिया, लक्जम्बर्ग, माल्टा, साइप्रस, पोल्याण्ड, पोर्चुगल, सर्बिया, बेल्जियम, अस्ट्रिया, मोन्टेनेग्रो, ब्रुनाइ, माल्दिभ्स र टर्कीसँग सम्झौताको प्रस्ताव गरिएको छ । प्रस्तावितमध्य अल्बानिया, मोन्टेनेग्रोलगायत मुलुकसँग मात्र दोहोरो छलफल अघि बढेको मन्त्रालयको भनाइ छ ।



### साउदी अरेबियासँगको श्रम समझदारीपत्र मन्त्रिपरिषद्बाट स्वीकृत

**काठमाडौं (प्रस)–** साउदी अरेबियासँग श्रम सम्झौता गर्न तयार पारिएको श्रम सम्झौतापत्र मन्त्रिपरिषद्बाट स्वीकृत भएको छ ।

साउदी सरकारको मानव संशाधन तथा सामाजिक विकास मन्त्रालयसँग सम्झौतापत्रमा हस्ताक्षर गर्न मन्त्रिपरिषद्ले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई स्वीकृति दिएको हो । उक्त स्वीकृतिसँगै सम्झौतापत्रमा छिट्टै हस्ताक्षर हुने मन्त्रालयले जानकारी दिएको छ ।

क्रमशः पृष्ठ २ मा

प्रस्तावित मुलुकहरूले खासै चासो नदेखाउँदा सम्झौतासम्म पुग्ने काम अघि बढ्न नसकेको श्रम मन्त्रालयका प्रवक्ता डण्डुराज घिमिरेले बताए । 'पुराना नवीकरण गर्नुपर्ने पनि छन् । अनि १५ वटाचाहिँ नयाँ मुलुकसँग गर्ने भनेर प्रस्ताव गरेका छौं । सम्झौताका लागि उनीहरू पनि तयार हुनुपर्‍यो । हामीले राखेका प्रावधान उनीहरूलाई मिल्दैन । त्यसैले सम्झौतामा पुग्नका लागि धेरै कसरत गर्नुपर्छ,' उनले भने ।

### ३५ मुलुकसँग सम्झौताको योजना

विगतको लक्ष्यमा पुग्नै कठिन भइरहेको बेला सरकारले भने सम्झौता गर्ने मुलुकको लक्षित संख्या अझ थपेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले गत भदौ ६ गते प्रतिनिधिसभामा ३५ देशसँग श्रम सम्झौता गर्ने बताएका हुन् । यद्यपि, उनले ती मुलुकको नाम भने सार्वजनिक गरेनन् ।

क्रमशः पृष्ठ २ मा




## पृष्ठ १ बाट क्रमश:

### चीनको...

प्रमुख विपक्षी नेकपा माओवादी केन्द्रले जिएसआईबारे नेपाल-चीनको विरोधाभाषपूर्ण कुरा आएको जानकारी दिएको छ। यो विषय प्रमाणित भएपछि मात्रै धारणा सार्वजनिक गर्ने प्रवक्ता अग्नि सापकोटाले पत्रकार हरूसँग बताएका छन्। ‘चीनको विदेश मन्त्रालयले जिएसआईमा नेपालले समर्थन जनायो भनेको छ तर नेपालले अस्वीकार गरेको छ। यसबारे भेरिफाइ भएपछि हामी हाम्रो धारणा सार्वजनिक गर्छौं,’ उनले भने।

परराष्ट्र मामिलामा सरोकार राख्ने प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिले प्रधानमन्त्री ओली स्वदेश फर्किएपछि जवाफ माग्ने जानकारी दिएको छ। ओलीले चीन भ्रमणमा जानुअघि प्रतिनिधिसभालाई सम्बोधन गर्दै जिएसआईमा समर्थन गर्नेबारे जानकारी गराएका थिएनन्। तर, कसरी चीनको विदेश मन्त्रालयले विज्ञप्तिमा जिएसआईबारे नेपालको समर्थन रहेको भन्ने विषय समेटिएपछि प्रश्न उब्जिएको हो।

जिएसआईबारे नेपालमा विरोध भएको पहिलोपटक भने होइन। तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले जिएसआई जोडिएको एक कार्यक्रममा सन्देश पठाउँदा नेपालमा विरोध भएको थियो। यति हुँदाहुँदै पनि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री छँदा चीनले जिएसआईमा नेपालको साथ खोजेको थियो। झण्डै तीन वर्षपछि फेरि यो विवाद सतहमा आएको हो। आलोचकहरू जिएसआईको समर्थन गरे नेपालका लागि प्रत्यूत्पादक हुने चेतावनी दिने गरेका छन्।

तर, चीनका लागि पूर्वनेपाली राजदूत डा. टंक कार्की भने नेपालको विदेश नीतिमा खलल नपुगे र कुनै सैन्य गठबन्धनमा नेपाललाई सहभागी नगराउने देखिए जिएसआईलाई समर्थन गर्दा फरक नपर्ने बताउँछन्। उनले प्रभावसँग भने, ‘विश्वमा शान्ति र सुव्यवस्थाको प्रस्ताव ल्याउने भनेको त मुख्य शक्ति देशहरूले नै हो। यदि, त्यस्तो प्रस्तावको पक्षमा उभिँदा हाम्रो विदेश नीतिलाई प्रभावित गर्दैन, कुनै सैन्य गठबन्धनमा सामेल नहुने निश्चित हुन्छ भने त्यसलाई समर्थन गर्दा के फरक पर्छ र ?’

सन् २०२२ को अप्रिलमा चीनको हेनानमा सम्पन्न बोआओ फोरम फर एसियाको वार्षिक सम्मेलनमा राष्ट्रपति सीले चिनियाँ सुरक्षा अवधारणाको रूपमा जिएसआई प्रस्ताव गरेका थिए। मानवताको साझा भविष्य निर्माणका लागि जिएसआईले महत्त्वपूर्ण भूमिका खेल्ने उनको दाबी थियो। उनले त्यसबेला जिएसआई छ वटा क्षेत्रमा काम गर्न अघि सारेको अवधारणा भएको बताएका थिए।

पहिलो- साझा, विस्तृत, सहकार्यमूलक र दिगो सुरक्षा अवधारणाप्रति प्रतिबद्ध रहँदै विश्व शान्ति र सुरक्षा कायम गर्न मिलेर काम गर्ने, दोस्रो- सबै देशहरूको सार्वभौमसत्ता र भूअखण्डताप्रति सम्मान गर्न प्रतिबद्ध रहने, आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने र विभिन्न देशका नागरिकले स्वतन्त्रतापूर्वक निर्णय गरेका विकासका पथ र सामाजिक प्रणालीलाई सम्मान गर्ने, तेस्रो- राष्ट्रसंघको बडापत्रका उद्देश्य र सिद्धान्तप्रति प्रतिवद्ध रहने, शीतकालीन मानसिकतालाई अस्वीकार गर्ने, एकपक्षीयतावादको विरोध गर्ने र सामूहिक राजनीति वा समूहमार्फतको मूठभेडलाई अस्वीकार गर्ने।

यसैगरी, चौथो- सबै देशका वैधानिक सुरक्षा चासोलाई गम्भीरतापूर्वक लिन प्रतिबद्ध रहने, सुरक्षाको अक्षुण्णताको सिद्धान्तलाई सम्मान गर्ने, सन्तुलित, प्रभावकारी र दिगो सुरक्षा खाका निर्माण गर्ने र आफ्नो सुरक्षा अर्कोको सुरक्षालाई आँच आउनेगरी अघि बढाउने कदमको विरोध गर्ने, पाँचौं- असमझदारी र विवाद शान्तिपूर्ण ढंगले वार्ता र छलफलमार्फत हल गर्ने, शान्तिपूर्णरूपमा संकट समाधानका सबै प्रयासलाई समर्थन गर्ने, दोहोरो मापदण्डलाई अस्वीकार गर्ने र गलत ढंगले प्रयोग गरिएका एकपक्षीय प्रतिबन्ध र अदालती क्षेत्राधिकार प्रयोगको विरोध गर्ने, छैटौं- परम्परागत र गैरपरम्परागत क्षेत्रमा सुरक्षा कायम गर्न प्रतिबद्ध रहने र आतंकवाद, जलवायु परिवर्तन र बायो सेक्युरिटीजस्ता क्षेत्रीय विवाद र अन्तर्राष्ट्रिय विवादमा मिलेर काम गर्ने।

तर, जिएसआईमा उल्लिखित सुरक्षासम्बन्धी विषय अस्पष्ट रहेको र त्यसको कार्यान्वयन कसरी हुन्छ ? त्यो पनि अस्पष्ट नै रहेको भूराजनीतिक मामिलाका जानकारहरूको धारणा छ।

■■■

### श्रम सम्झौताका...

मन्त्रालयका प्रवक्ता घिमिरे भने मन्त्रालय सकेसम्म धेरै मुलुकसँग सम्झौता गर्न तयार भए पनि विभिन्न जटिलताका कारण यो विषय ‘भ्यागुताको धार्नी पुऱ्याउनु’जत्तिकै कठिन भएको बताउँछन्। ‘हामीलाई त सकभर धेरै गर्न पाए हुन्थ्यो भन्ने छ। तर कठिन अवस्था छ,’ उनले भने, ‘अहिलेसम्म २५ वटा पुऱ्याउने लक्ष्यअनुसार काम भइरहेको छ। लक्ष्य त १११ वटै हो तर गाह्रो विषय रहेछ यो।’

नेपालबाट राणाशासको अन्त्य भएयता वैदेशिक रोजगारीमा जान थालेको बताइन्छ। जसलाई व्यवस्थित गर्न २०४२ सालमा वैदेशिक रोजगार ऐन लागू गरिएको थियो। रोजगारीमा जान थालेको दशकौं बितिसक्दा पनि सीमित मुलुकसँग मात्र सम्झौता भएको छ।

श्रम सम्झौता भएका मुलुकमा जाँदा श्रमिकको छनोट प्रक्रिया पारदर्शी हुने, समस्यामा पर्दा उद्धार प्रक्रिया छिटो हुने, क्षतिपूर्ति पाइने, कामदारको बिमा, स्वास्थ्य र अन्य सेवासुविधा सुनिश्चित हुने बताइन्छ। १२ वटा मुलुकसँग मात्र सम्झौता भए पनि हरेक वर्ष १८० वटाभन्दा बढी मुलुकमा नेपाली जाने गरेको तथ्यांक छ। श्रम सम्झौता नभएका मुलुकमा गएका श्रमिकहरू आफूले पाउने अधिकारबाट वञ्चित हुँदै आएका छन्।

■■■

### साउदी अरेबियासँगका...

सन् २०१० देखि नै साउदीसँग श्रम सम्झौताको प्रयास हुँदै आएकोमा लामो समयको प्रयासपछि श्रममन्त्री शरतसिंह भण्डारीले यसलाई अन्तिमरूप दिएका छन्। लाखौं नेपालीको वैदेशिक रोजगार गन्तव्य रहेको साउदीसँग श्रम समझदारीपत्र गर्न बाटो खुलेको मन्त्री भण्डारीले जानकारी दिए। यो सम्झौताले नेपाली श्रमिकले अन्तर ाष्ट्रिय मानवअधिकारको सिद्धान्त अनुसारका अधिकार प्राप्त गर्ने र इम्प्लोयर पे पोलिसीअनुसारको सुविधा प्राप्त गर्ने छन्। आगामी सबै श्रम सम्झौतापत्रमा नेपाली श्रमिकको आवश्यकता र प्राथमिकता तथा मानवअधिकारलाई केन्द्रमा राखिने मन्त्री भण्डारीको भनाइ छ।

श्रमसचिव डा. कृष्णहरि पुष्करले वैदेशिक रोजगारीमा जाने नेपालीको उचित संरक्षण, सुरक्षित रोजगारी र श्रम शोषणको विषयमा नेपाल सरकारले गम्भीर रूपमा विश्लेषण गरिरहेको बताए। मन्त्रालयले विगतमा भएका श्रम समझदारीपत्रहरूको समेत विस्तृत समीक्षा गरिरहेको बताउँदै सचिव पुष्करले श्रमिक पठाउने मुलुकमा श्रम शोषण र मानवअधिकार उलंघनका विषयमा नेपाल सरकारले शून्य सहनशीलताको नीति अपनाएको उल्लेख गरे।

नेपाल वैदेशिक रोजगार व्यावसायी संघका अध्यक्ष भुवनसिंह गुरुङले नेपाल र साउदीबीच श्रम सम्झौता हुने विषय स्वागतयोग्य रहेको बनाए। उनले अन्य मुलुकसँगसमेत यस्ता सम्झौता गर्न जोड दिए।

सन् २०३४ मा हुने फिफा विश्वकप आयोजनाको तयारीस्वरूप साउदीले विगतमा श्रम नीतिमा व्यापक सुधार गरिरहेको छ। ‘मोडर्न डे स्लेभरी’ मानिने कफाला प्रणालीमा सन् २०२१ को मार्च मै सुधार गरिसकेको साउदीले श्रम ऐनमा परिवर्तन गरी विदेशी श्रमिकको न्यूनतम पारिश्रमिक तथा सेवा सुविधाको सुनिश्चितता गरेको छ।

कतारमा भएको विश्वकपमा श्रमिक शोषणको विषय अन्तर्राष्ट्रिय रूपमा उठेपछि साउदीले श्रमिकको अधिकार र सेवामा विशेष ध्यान दिएको देखिन्छ। यसअघि नै ‘साउदी फण्ड’ को प्रयोग गरी नेपालमा अन्तर्राष्ट्रियस्तरको तालिम उपलव्ध गराउने उद्देश्यले राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानसँग साझेदारी गरेको थियो।

## बिमालेख हराएको सूचना !

मिति २०८२/०४/०२ गते कोटेश्वरबाट चावहिल जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु।

**नाम : मिङमा काजी** (Mingma Kaji Sherpa)
**बिमालेख नं.:** १३०१२००३४
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.**
**सम्पर्क नं :** ९८५१०६१२४७

## सच्याइएको

मिति २०८२/०४/२९ को प्रभाव दैनिकमा प्रकाशित **बालज्योति मा.वि., वे.न.पा.-४, बैतडा, कञ्चनपुर**को लिलाम बिक्री सम्बन्धी सूचनामा सूचनाको प्रथमपटक प्रकाशित मिति: २०८२/०४/२९ हुनुपर्नेमा अन्यथा हुनु गएकोले सच्याइएको छ।

**बालज्योति मा.वि., वे.न.पा.-४, बैतडा, कञ्चनपुर**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०७४/०६/१० मा दर्ता भएको प्रा.लि.नं. १७६१०३ को **निड्स एण्ड वियोन्ड मुनाफा वितरण नगर्ने** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०५/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०७४/१२/२७ मा दर्ता भएको प्रा.लि.नं. १८७३६१ को **विशाल टिफीन हाउस एण्ड रिसोर्ट प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०५/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

HIMALAYAN LIFE

**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**
**फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९**

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरूले बीमालेख हराएको र नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरूको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं | बिमालेख नं. | बीमितको नाम | ठेगाना | सम्पर्क |
|---|---|---|---|---|
| १. | ULI ३१९०००००८९ | सिता भट्टराई पराजुली | सन्धिखर्क, ०१, अर्घाखाची | ९८५१०८४४७९ |
| २. | PLI १०१००१५९७२(S) | छितिज महर्जन | कीर्तिपुर, १ | ९८४१८४१९०४ |
| ३. | PLI १०१०००५९९६ | सुमिता महर्जन | कीर्तिपुर, १ | ९८४१७६०९८६ |


## युएइमा रोजगार

कम्पनी : R K S STAR TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०५/१६ LT. No. 330370 चलानी नं. ६०२४४१८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 30 | 0 | 1100 | ४२,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २४ गते (9th Sep. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

NEW ALFA HR SERVICES PVT. LTD.
Maharajgunj-3, Kathmandu, Nepal, Contact: 01-4721183, 9841531176, E-mail : newalfahrs@gmail.com, Web: www.newalfahrs.com
Govt. License No. 1090/073/74

## कतारमा रोजगार

कम्पनी : Central Ventilation Systems W.L.L

पूर्व स्वीकृति मिति : २०८१/०५/११ LT. No. 314392 चलानी नं.६०२२८७४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 8 | 0 | 1000 | ३८,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २४ गते (9th Sep. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. १६६५/०८०/८१
ROSEBUD HUMAN RESOURCE PVT. LTD
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366
E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com

## युएइमा रोजगार

कम्पनी : Master Heat Facility Management LLC

पूर्व स्वीकृति मिति २०८२/०५/१६ LT. No. 330354 चलानी नं ६०२४४१६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 60 | 0 | 1500 | ५७,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 60 | 0 | 1000 | ३८,३०५ | | | | | | | |
| 3 | Steel Fixer | 60 | 0 | 1500 | ५७,४६० | | | | | | | |
| 4 | STONE MASON | 20 | 0 | 1500 | ५७,४६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २४ गते (9th Sep. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले व्यहोर्ने | विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | कल्याणकारी कोषसम्बन्धी व्यवस्था: | सेवा शुल्क | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | रोजगारदाता कम्पनीले | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.१५००/- कामदार आफैले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | - |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

GSO Govt. License 756/064/65
GRAND SHIKHAR OVERSEAS PVT LTD
Lazimpat, Kathmandu, Tel: +977-1-4516940, Web: gso@grandshikhar.com

## कुवेतमा रोजगार

कम्पनी : AL RAYA ALBAYDA TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/१६ LT. No. 330381 चलानी नं. ६०२४४१९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Labor | 20 | 0 | 95 | ४३,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २४ गते (9th Sep. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Munal Overseas Pvt. Ltd. श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605

## UAE मा SECURITY GUARD हरुलाई रोजगार

Spark Security Services

पुन: विज्ञापन, पूर्व स्वीकृती मिति: २०८१/९/१२ चलानी नं. ६०२३०४६८ LT.No. 316286

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 43 | 49 | काममा दक्ष | 2000 | ७६,४३५।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट २०८२ भाद्र २४ र २५ (9 & 10 Sept., 2025) गते बेष्ट वेस्टर्न प्लस काठमाडौं होटल पिंगलास्थान, बिजय चोक काठमाडौंमा हुनेछ।

श्रम ईजाजत नं.: ५१६/०६१/०६२
अल्फा सिग्मा ओभरसिज प्रा. लि.
सिनामंगल (तारा हलचोक, गुण कोलनी सागै), काठमाडौं,फोन: ०१-४५६१८२७, ४५६१९४६
Email : alphasigmanepal@gmail.com | Web: alphasigmaoverseas.com

## कुवेतमा रोजगार

कम्पनी : CITY GROUP GENERAL TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०१/३० पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१६ LT. No. 304601 चलानी नं. ६०२१९३६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard/security Officer/guard/watchman/wat | 30 | 0 | 130 | ५९,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner/helper/worker | 20 | 20 | 110 | ५०,६४५ | | | | | | | |
| 3 | Office Admin Assistant/team Leader | 5 | 5 | 250 | ११५,१०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २४ गते (9th Sep. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## युएइमा रोजगार

कम्पनी : HALLAMS ENGINEERING AND MANUFACTURING L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०५/१६ LT. No. 330378 चलानी नं. ६०२४४१८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HELPER/ORDINARY LABOUR | 14 | 0 | 1000 | ३८,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २४ गते (9th Sep. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Pari Overseas Pvt. Ltd.
श्रम ईजाजत नं. ११७७/०७३/०७४
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448, Mob: 9813231220, 9802313931, 9851135073, 9808265177, 9806594218, 9841191699, 9841142488, 9861252520, 9851050223, Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## बहराइनमा रोजगार

कम्पनी : THE NAIL CORNER

पूर्व स्वीकृति मिति : २०८२/०५/१५ LT. No. 327222 चलानी नं. ६०२४४१६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber | 3 | 0 | 150 | ५६,१८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Beautician | 0 | 3 | 150 | ५६,१८६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २४ गते (9th Sep. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

HR NEPAL SERVICES PVT. LTD.
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, Email: hrnepalservices@gmail.com
श्रम ईजाजत नं. १५४८/०७८/०७९


# Pachrauta Municipality
# Office of Municipal Executive
## Benauli, Bara
## Madhesh Pradesh, Nepal

## Invitation for Bids

***IFB No: -NCB/PMUN/W/04/2082-083***
**Date of Publication: 2082-05-16 BS**

1. Road Infrastructure Development Office, Nawalparasi (Ba.Su.Pa.) invites **electronic bids only** from eligible bidders for following works under NCB bidding procedure. Only eligible bidders with the following key qualifications should participate in the bidding for the contracts mentioned below.

| S. N. | *Project Name* | Bid Doc. Fee (NRs.) | Estimated Amount (Exclusive of VAT and Contingenci es) | Bid Security Amount (NRs) |
|---|---|---|---|---|
| 1. | Wada No.04 bhari sadak dhalan tatha nala nirman NCB/PMUN/W/04/2082-083 | 3000.00 | 9141518.62 | 323500.00 |

- **Last date of Bid Submission** : Monday, Oct 06, 2025, **Time** : 12:00
- **Bid Opening Date** : Monday, Oct 06, 2025, **Time** : 13:00 at office premise.

2. **Revenue Account Details:**

| Office Name | Bank Name | Bank Address | Account Number | Office code/ Revenue Heading No. |
|---|---|---|---|---|
| Pachrauta Municipality, Bara | NMB Bank Ltd. | Pachrauta Municipality, Bara | 140083164100010 (Rajaswa) | Office code: 80221403300 Revenue Heading no: 14229 |

3. Bidders are strongly Requested to mention the name of the Firm and the Contract ID in Revenue Voucher for Bid Document Fee. Single Revenue Voucher for a single Bid Document shall be submitted. In Case the bidder chooses to deposit Revenue for more than one bid through a single voucher then the bidders are strongly suggested to mention each Contract ID in Revenue Voucher for which the revenue has been paid. The Non compliance of this may result for declaring the Bid
4. Any additional information or query regarding the bids can be acquired by downloading the bids from the e-GP system of PPMO or by writing us in ***ridonawalparasi@gmail.com.***

**Chief Administrative Officer**

# चीनले निजामती अस्पतालको स्तरोन्नति गर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** चीन सरकारले निजामती कर्मचारी अस्पतालको स्तरोन्नति गर्ने भएको छ । एक हप्तासम्म चिनियाँ सरकारको प्रतिनिधिमण्डलले दुई हप्तासम्म अस्पतालमा बसी सम्भाव्य अध्ययन गरेर अस्पताललाई 'स्टेट अफ आर्ट हस्पिटल' का रूपमा स्तरोन्नति गर्ने भएको हो । अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. मोहनचन्द्र रेग्मीले चीन सरकारले अस्पताललाई 'स्टेट अफ आर्ट हस्पिटल' का रूपमा 'तेस्रो फेज'का लागि थप २०० शयया बनाउने जानकारी दिए । यसअघि चीन सरकारले अस्पतालको 'पहिलो फेज' अन्तर्गत १३२ शयया र 'दोस्रो फेज' अन्तर्गत ३०० शयया बनाएको थियो ।

उनका अनुसार चीन सरकारको नेपालमा भवन निर्माण परियोजना हेर्ने टोली सम्भाव्य अध्ययन गरी भर्खरै फर्किएको छ । 'नेपाल र चीन सरकारबीच कर्मचारी अस्पताललाई स्तरोन्नति गर्ने सम्झौता भइसकेको छ । अहिले चिनियाँ टोली सम्भाव्यता अध्ययन गर्न आएको थियो । अध्ययनमा चिनियाँ टोलीले अस्पताल विस्तार गर्न आवश्यक छ भनेर प्रतिवेदन बनाइसकेको छ,' उनले भने, 'चीन सरकारले नै निजामती अस्पताललाई विशिष्टीकृत सेवासहितको अस्पताल र शैक्षिक कार्यक्रमको पनि बढाउनुपर्दछ भनेर नै स्तरोन्नति गर्न थालेको हो ।'

उनले चिनियाँ टोलीले चीनमा गएर प्रतिवेदन बुझाएलगत्तै भवन निर्माणको काम अगाडि बढ्ने बताए । 'अस्पताल खुला ठाउँमा व्यवस्थित र उपचार सेवा राम्रो भएकाले चीन सरकारले अस्पतालको स्तरोन्नति गरिदिने भएको छ,' उनले भने, 'नेपाल र चीन सरकारबीच भएको सम्झौताअनुसार नै अबको एक वर्षभित्र निर्माणको काम सुरु हुन्छ । स्टेट अफ आर्ट बिल्डिङ बन्ने छ ।'

२०० शययाको अत्याधुनिक भवन अहिले अस्पताल प्रशासनको रहेको भवन भत्काएर बन्ने छ । नयाँ अत्याधुनिक भवन बनेपछि ५०० शययाको अस्पताल बन्ने छ । सरकारले अस्पताललाई विशिष्टीकृत सेवा प्रदान गर्ने अस्पतालका रूपमा विकास गर्ने लक्ष्य राखेको छ । अस्पताललाई सुरुदेखि नै चीन सरकारले निर्माण गर्दै आइरहेको छ ।

नयाँ अत्याधुनिक भवनमा एमआरआई, नयाँ सिटीस्क्यान खरिद राखिनाका साथै उच्च प्रविधि जडान गरिने कार्यकारी निर्देशक डा. रेग्मीले जानकारी दिए । अस्पतालमा अहिले ४०० जना बहिरंग सेवाको क्षमता भए पनि एक हजार जना बिरामीको उपचार गर्न आउने गरेको उनले बताए । अस्पतालमा मुटु, क्यान्सरजस्ता रोगको विशिष्टीकृत विशेषज्ञद्वारा उपचार गरिन्छ ।

अस्पतालमा मुटुको उपचारका लागि 'क्याथल्याब'को सेवा सुरु तयारी गरेको उनले बताए । यो वर्षभरिमा क्याथल्याब स्थापना गरेर आगामी वैशाखदेखि क्याथल्याब सञ्चालन गर्ने बताए । 'प्रेसर भएर मुटुमा असर परेका, मुटुको भल्ब बन्द भएको बेला 'क्याथल्याब' सेवाबाट उपचार गरिन्छ, धेरै मुटुका बिरामीलाई क्याथल्याबबाट उपचार गरिन्छ । क्याथल्याबबाट नहुनेलाई शल्यक्रियाबाट उपचार गरिन्छ,' उनले भने ।

यसैगरी, कार्यकारी निर्देशक डा. रेग्मीले क्यान्सरको सेवालाई 'ब्राकीथेरापी' सेवा पनि सुरु गर्ने तयारी गरेको छ । 'रेडिसनको उपकरण शरीरमा नै राखेर विकिरणद्वारा क्यान्सरको उपचार गर्ने प्रविधि हो,' उनले भने, 'यसले क्यान्सर उपचारमा राम्रो छ ।'

कार्यकारी निर्देशक डा. रेग्मीले अस्पताललाई 'पूर्ण डिजिटिलाइजेसन'मा लैजानका लागि यस वर्ष आधार तयार गर्ने र अर्को वर्ष कार्यान्वयनमा लैजाने जानकारी दिए । 'बिरामीको प्रयोगशाला रिपोर्ट बोकेर हिँड्नुपर्ने अन्त्य गर्ने गरिरहेका छौं । बिरामीको मोबाइलमा रिपोर्टको जानकारी आउने छ,' उनले भने, 'त्यसपछि बिरामी चिकित्सक जाने र चिकित्सकले आफ्नो कम्प्युटरमा आफैं हेर्ने छन् ।'

पृष्ठ १ बाट क्रमशः

## विवादित...

पुराना दलप्रति वितृष्णा बढिरहेको बेला भुटानी शरणार्थी प्रकरणमा मुछिएका खाणलाई अघि सार्दा कांग्रेसलाई असर पर्ने कांग्रेसकै नेताहरू बताउँछन् । यसैले यो यहाँ रूपन्देहीका पूर्वजिल्ला सभापति रामचन्द्र ढकाल र हालका सभापति सुशील गुरुङ टिकटको दौडमा छन् ।

ढकाल संस्थापनइतरका नेता डा. शेखर कोइरालानिकट नेता हुन् । यसो त खाण पनि अहिले शेखरतिर ढल्केका छन् । त्यसैले ढकाललाई उम्मेदवार बनाउने तयारी कांग्रेसले गरेको बताइन्छ । ढकाल जनमत संग्रह, सत्याग्रह, जनआन्दोलनलगायत घटनामा सक्रिय सहभागीमात्र होइन, जेल सजायसमेत भोगेका नेता हुन् । जिल्ला विकास समिति रूपन्देहीका पूर्वउपसभापति रहेका ढकाल २०७९ को चुनावमा रूपन्देही-३ को 'ख' बाट प्रदेशसभाका लागि उम्मेदवार थिए ।

यसैगरी महासमिति सदस्य रहेका विमल ढकाल पनि टिकटको दौडमा छन् । दुई ढकालबाहेक कांग्रेसभित्र पुष्पा चौधरीको नाम पनि चर्चामा छ । महासमिति सदस्य रहेकी चौधरी पूर्वप्रदेश सांसद पनि हुन् । कांग्रेसको महिला संघको केन्द्रीय सदस्य रहेकी चौधरी थारू समुदायमा लोकप्रिय छिन् । रूपन्देही-३ थारू समुदायको बाहुल्य क्षेत्र भएका कारणले पनि चौधरीको नाम बढी चर्चामा छ ।

मधेस केन्द्रित दलहरूको संघीय लोकतान्त्रिक मोर्चाले साझा उम्मेदवार उठाउन खोजिरहेको छ । नागरिक उन्मुक्ति पार्टीको उम्मेदवार यो क्षेत्रबाट उठाउने प्रयास भइरहेको छ । नाउपाले थारू समुदायकै नेतालाई उम्मेदवार बनाउने प्रयास गरिरहेको छ । सोही कारण त्यसलाई काउण्टर गर्न पनि पुष्पाको नाम कांग्रेसभित्र चर्चामा छ ।

### एमालेबाट चार जना सिफारिस

सत्तारुढ दल नेकपा एमालेबाट चार जनाले उम्मेदवार बन्न आकांक्षा देखाएका छन् । साउन २४ गते भैरहवामा बसेको एमाले क्षेत्रीय समन्वय कमिटीको तेस्रो बैठकमा चार नेताले आकांक्षा देखाएका हुन् ।

बैठकमा पार्टीका पोलिटब्युरो सदस्य खिमलाल भट्टराई, नेता एवं व्यवसायी शशी पौडेल, सिद्धार्थनगर नगरपालिकाका पूर्वनगरप्रमुख तथा एमाले लुम्बिनी प्रदेश सदस्य हरिप्रसाद अधिकारी र नेता यज्ञजित शाहले उम्मेदवार बन्ने औपचारिकरूपमा आकांक्षा व्यक्त गरेको पार्टीले जानकारी दिएको छ ।

नेकपा माओवादी केन्द्रले यस क्षेत्रका लागि उम्मेदवार मनोनयन प्रक्रिया अघि बढाएको छैन । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले यसपटक कुनै दलसँग गठबन्धन नगर्ने तर्क अघि सारेका छन् । 'माओवादीले यो परिवर्तनको आन्दोलनमा खेलेको भूमिका कसैले नकार्न सक्दैन । बाहिर प्रचारप्रसार त हामीले गर्नुपर्‍यो नि, रूपन्देहीमा हामीले पहिलाभन्दा राम्रो परिणाम ल्याउँछौं, ल्याउँछौं । एक्लै लड्ने हो, तपाईंहरू त्यसको तयारी गर्नुहोस्,' आइतबार पेरिसडाँडामा आयोजित एक कार्यक्रममा दाहालले भने ।

### एकीकृत समाजवादीबाट सात जनाको नाम सिफारिस

एकीकृत समाजवादीले यस क्षेत्रको उम्मेदवारका लागि सात जनाको नाम सिफारिस गरेको छ । पार्टीको जिल्ला कमिटी रूपन्देहीको भैरहवामा आइतबार बसेको बैठकले पार्टीका महासचिव घनश्याम भुसालसहित सात जनाको नाम सिफारिस गरेको हो । उनीसँगै लुम्बिनी प्रदेश उपाध्यक्ष कमल भण्डारी, रूपन्देही जिल्ला अध्यक्ष हीराध्वज शाह, प्रदेश कमिटी सदस्य आनन्दप्रसाद गुप्ता, आशा चौधरी, थानेश्वर खरेल र रूपन्देही-१ को सह-इन्चार्ज विजयलक्ष्मी रायको नाम सिफारिस गरिएको पार्टीले जानकारी दिएको छ ।

२०७९ को निर्वाचनमा प्राप्त समानुपातिक मतको हिसाबले कांग्रेस पहिलो, एमाले दोस्रो र रास्वपा तेस्रो शक्तिका रूपमा देखिएका छन् । कांग्रेसले २० हजार २७८, एमालेले १६ हजार ९८६, रास्वपाले १४ हजार १५४ र राप्रपाले नौ हजार १८३ मत ल्याएका थिए ।

यस क्षेत्रमा तत्कालीन गृहमन्त्री खाणलाई हराउँदै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का नेता दीपक बोहोरा निर्वाचित भएका थिए । उक्त निर्वाचनमा बोहोराले ३६ हजार ७१७ र खाणले ३४ हजार ३६ मत पाएका थिए । गत चैत १९ मा बोहोराको निधन भएपछि यस क्षेत्रमा उपनिर्वाचन हुन लागेको हो ।

### राप्रपाबाट छ जनाको नाम सिफारिस

राप्रपाले उपनिर्वाचनका लागि छ जनाको नाम सिफारिस गरिसकेको छ । राप्रपा जिल्ला कार्यसम्पादन समितिको असार २९ गतेको बैठकले पार्टीका केन्द्रीय सदस्यद्वय वसन्तविक्रम शाही, स्वाती थापा, रूपन्देही जिल्ला अध्यक्ष सागरप्रताप राणा, स्व. दीपक बोहराका छोराहरू गौरव बोहरा, प्रज्वल बोहरा र जिल्ला नेता दिलीपकुमार मल्लिकको नाम सिफारिस गरेको हो ।

यस्तै राष्ट्रिय जनमोर्चाले वामपन्थी नेता तथा राष्ट्रिय जनमोर्चाका केन्द्रीय सल्लाहकार बद्रे आलमलाई उम्मेदवार बनाउने भएको छ । राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले असार २९ गते प्रेस विज्ञप्ति जारी गर्दै रूपन्देही-३ को उपनिर्वाचनमा केन्द्रीय सल्लाहकारसमेत रहेका आलमलाई उम्मेदवार बनाउने घोषणा गरेका हुन् ।

यो क्षेत्रमा मालेले संघीयताविज्ञ खिमलाल भट्टराईलाई उम्मेदवार बनाउने तयारी गरेको छ । उनी राष्ट्रिय सभाका पूर्वसदस्य हुन् ।

गत चुनावमा कांग्रेसलाई लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले सघाउँदा राप्रपालाई जनता समाजवादी पार्टी (जसपा) नेपालले सघाएको थियो । नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टीमात्र त्यहाँ चुनाव लडेका थिए । नागरिक उन्मुक्तिलाई चौथो मत प्राप्त भएकोले यसपटक लोसपा, जसपा नेपालले नागरिक उन्मुक्तिलाई सघाउँदा राप्रपा र कांग्रेससँग मुख्य प्रतिस्पर्धा हुने अनुमान गरिएको छ ।

### यस्तो छ चुनावी कार्यक्रम

आगामी असोज २१ गते बिहान १० देखि ५ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोयन दर्ता हुने र सोही दिन साँझ उम्मेदवारको सूची प्रकाशन हुने छ ।

असोज २४ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुने छ । कात्तिक १७ गते बिहान ७ देखि अपराह्न ५ बजेसम्म सम्बन्धित मतदान केन्द्रमा मतदान हुने छ । प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ को समानुपातिक निर्वाचन प्रणालीतर्फ बन्दसूचीमा नाम समावेश भएको व्यक्ति उम्मेदवार हुन नपाउने आयोगले जानकारी दिएको छ ।

**पञ्चेश्वर गाँउपालिका**
**गाँउ कार्यपालिकाको कार्यालय**
**आम्चौरा, बैतडी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

## क्याटलग सपिङ बिधिबाट हेभी इक्विपमेन्ट खरिद गर्ने सम्बन्धी सूचना

**(प्रकाशित मितिः २०८२/०५/१७)**

**सूचना नं PRM/CS/GOODS/01/2082-083**

पञ्चेश्वर गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक बजेट अनुसार कार्यालयको लागि Backhoe Loader खरिद गर्नुपर्ने भएको हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १ को (क) (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ख बमोजिम उत्पादक वा सोको आधिकारिक विक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ विधिबाट खरिद गर्नुपर्ने भएको हुँदा इच्छुक उत्पादक कम्पनी वा सोको आधिकारिक बिक्रेताले कम्पनि/फर्म दर्ता प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, आधिकारिक बिक्रेताको प्रमाणपत्र आ.व.२०८०/०८१ को कर चुक्ता प्रमाणपत्र लगायतका कागजातहरुको प्रमाणित प्रतिलिपि समावेश गरी सोहि नियमावलीको नियम ३१ख. उपनियम २ बमोजिम Backhoe Loader को आधिकारिक स्पेशिफिकेशन, गुणस्तर, मुल्य र सुविधासहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न गरी मिति २०८२/०५/२७ गते १२ बजे भित्र शिलबन्दी प्रस्ताव दर्ता गराउनुहुनका लागि यो सूचना प्रकाशित गरिएको छ । नियमानुसार पेश हुन आएका प्रस्तावहरु मिति २०८२/०५/२७ गते दिनको २ बजे गाउँपालिकाको कार्यालयमा खोलिने छ ।

**बिवरणः**

| ठेक्का नं | हेभी इक्विपमेन्ट | संख्या | कागजात प्राप्त गर्ने तथा प्रस्ताव पेश गर्ने कार्यालय र स्थान |
|---|---|---|---|
| PRM/CS/GOODS/01/ 2082-083 | Backhoe Loader | १ थान | पञ्चेश्वर गाउँपालिकाको कार्यालय<br>आम्चौरा, बैतडी<br>सम्पर्क नम्बरः ९८४८८७४६६४<br>Email id: ito.pancheshwormun@gmail.com |

**बिस्तृत बिबरण कार्यालयको website: pancheshwormun.gov.np मा राखिएको छ ।**

**प्रमुख प्रशासकीय अधिकृत**


**युएइमा रोजगार** — कम्पनी : GLOBAL CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/०५/१६ | LT. No. 330365 | चलानी नं. ६०२४४१८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Suttering Carpenter | 6 | 0 | 1500 | ५७,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २४ गते (9th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075

OM OVERSEAS EMPLOYMENT PVT.LTD
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 980102050,
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

**युएइमा रोजगार** — कम्पनी : LIAO HAI BUILDING CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८२/०५/१५ | LT. No. 330368 | चलानी नं. ६०२४४१८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 5 | 0 | 1000 | ३८,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber | 10 | 0 | 1500 | ५७,४६० | | | | | | | |
| 3 | Carpenter | 10 | 0 | 1500 | ५७,४६० | | | | | | | |
| 4 | Plaster | 5 | 0 | 1500 | ५७,४६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २४ गते (9th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No. 1157/073/074

Kist Human Resource Pvt.Ltd.
Sinamangal-9, Airport, Kathmandu, Nepal, Tel : +977-01-4581856, Fax +977-1-4599252
E-mail : kisthumanresources1157@gmail.com, Web.www.kisthumanresource.com

**युएइमा रोजगार** — कम्पनी : SUGANTH PLASTER & PAINTING WORKS L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०५/१६ | LT. No. 330369 | चलानी नं. ६०२४४१९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Tile Layer | 4 | 0 | 1200 | ४५,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Asst. Building Painter | 2 | 0 | 1200 | ४५,९७० | | | | | | | |
| 3 | Electrician Assistant | 3 | 0 | 1200 | ४५,९७० | | | | | | | |
| 4 | Painter (Ass.) | 3 | 0 | 1200 | ४५,९७० | | | | | | | |
| 5 | Welders,assistant Welders | 2 | 0 | 1200 | ४५,९७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २४ गते (9th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1136/073/074

DEEP JYOTI MANPOWER SERVICE PVT LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4590678, 4592910, Mob: 970-9094570, 9808248285
E-mail : deepjyotimanpowerservice@gmail.com, Web: deepjyotimanpower.com.np


## कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्ने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी ७ दिने सूचना

प्रकाशित मितिः २०८२/०५/१७, मंगलबार

यस वित्तीय संस्थाको बर्दिबास शाखाबाट तपसिलमा उल्लेखित ऋणीले निम्नानुसारको कर्जा उपभोग गर्नु भएकोमा कर्जा लिंदाका बखत तोकिएको शर्त सम्झौता अनुसार कर्जाको तिर्नुपर्ने साँवा, व्याज तथा अन्य लेना रकम भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको तथा पटक-पटक मौखिक एवं लिखित तर ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा अन्य लेना रकम बुझाउन तथा चुक्ता गर्न ऋणी तथा धन जमानी बस्ने सबैलाई अनुरोध गरिन्छ । अन्यथा उक्त म्याद भित्र पनि कर्जा चुक्ता भुक्तान हुन नसकेमा यस वित्तीय संस्थासँग भएको शर्त कबुलियत तमसुक समेतको आधारमा प्रचलित नियम कानून अनुसार कर्जामा लेखाई दिएको तपसिल बमोजिमको धितो सुरक्षण बापतको जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी कर्जा असुल उपर गरिने हुँदा सो धितो सुरक्षण जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री गरिने भएकोले के कति मूल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र निम्नानुसारको लिलामी शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र दाखिल गर्नु हुन इच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु मिति २०८२ भाद्र महिना २३ गते सोमबार (सो दिन बिदा परे सोको पछि कार्यालय खुलेको दिन) यस संस्थाको बर्दिबास शाखामा दिनको ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, जमानीकर्ता, इच्छुक बोलपत्र दाता तथा सम्वद्ध सबैमा अनुरोध छ । सोबाट यस वित्तीय संस्थाको सम्पूर्ण रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने तथा यस वित्तीय सस्थासँग भए गरेका लिखत अनुसार यस वित्तीय संस्थाको लेना रकम असुल उपर गर्न कार्यवाही अगाडी बढाउने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

### ऋणी तथा जमानी दिनेहरूको विवरण

**१**

**दिव्या हार्डवयर, प्रो. दुर्गा प्रसाद बराल**
प्राईभेट फर्म रजिस्ट्रेसन ऐन २०१४ बमोजिम -घरेलु तथा साना उद्योग कार्यालय, सिन्धुली
दर्ता नंः ३०१५/०७५/०७६
दर्ता मितिः २०७५/०७/१४
स्थायी लेखानंः ६०८६८७३९१
मितिः २०७५/०७/१४
ठेगाना : दुधौली न.पा. वडा नं. ०१, सिन्धुली

**संस्थागत धनजमानी दिने**
**दुर्गा प्रसाद बराल**
ना.प्र.प.नं. : २१००१/१६५७ सिन्धुली
जारी मिति : २०५८/०७/२७
बाबुको नामः हरि प्रसाद बराल
बाजेको नामःराम प्रसाद बराल
पत्निको नाम : रन्जु कुमारी बराल (चौलागाई)
ठेगाना : साविक जिल्ला सिन्धुली हत्पते गा.वि.स. वडा न.८, हाल दुधौली न.पा. वडा नं. ०१, सिन्धुली ।

**व्यक्तिगत धनजमानी दिने**
**रन्जु कुमारी बराल (चौलागाई)**
ना.प्र.प.नं. २०१०४९/१९६/८७१९
जारी मिति : २०६५/१२/३०, (सिन्धुली)
बाबुको नाम : देवी प्रसाद चौलागाई
बाजेको नाम : मुक्तिनाथ चौलागाई
पतिको नाम : दुर्गा प्रसाद बराल
ठेगाना : साविक जिल्ला सिन्धुली हत्पते गा.वि.स. वडा न. ८, हाल दुधौली न.पा. वडा नं. ०१, सिन्धुली

### धितोको विवरण

१. यातायात व्यवस्था कार्यालय, साना/ठुला सवारी, मधेश प्रदेश, बर्दिबास, महोत्तरी मा धनि सेन्ट्रल फाईनान्स लिमिटेड र ऋणी दिव्या हार्डवयर (प्रो.दुर्गा प्रसाद बराल ) कायम रहेका TATA कम्पनीमा २०२१ मा निर्मित मोडेल LPK1618TCI36 च्यासिंस नं. MAT449019M2R06083 इन्जिन नं. 12E63867789 दर्ता नं. प्रदेश -२-०३-००१-ख-५१४६नं. को TIPPER
२. यातायात व्यवस्था कार्यालय, साना/ठुला सवारी, मधेश प्रदेश, बर्दिबास, महोत्तरी मा धनि सेन्ट्रल फाईनान्स लिमिटेड र ऋणी दिब्या हार्डवयर (प्रो.दुर्गा प्रसाद बराल ) कायम रहेका TATA कम्पनीमा २०२१ मा निर्मित मोडेल LPT3118TCI56 च्यासिस नं. MAT466420M1R21497 इन्जिन नं. 12K63884180 दर्ता नं. प्रदेश -२-०३-००१-ख-६७२९नं. को TRUCK

### लिलामीका शर्तहरू

१. गोप्य शिलबन्दी बोलपत्र फाराम यस संस्थाको बर्दिबास शाखाबाट रु. १,०००।०० तिरी (फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ । फोटोकपी बोलपत्र फारामलाई मान्यता दिइने छैन ।
२. गोप्य शिलबन्दी बोलपत्र फाराममा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३. गोप्य शिलबन्दी बोलपत्रका साथ आफूले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम नगदै यस संस्थाको खाता रहेको बैंक तथा वित्तीय संस्थामा जम्मा गरेको भौचर वा यस संस्थाको नाममा खिचिएको Good For Payment को चेक बोलपत्रसाथ पेश गर्नुपर्ने छ ।
४. बोलपत्रका साथ बोलपत्रदाता व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाण पत्र तथा कर दर्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ ।
५. लिलामीमा चढाएको सम्पत्ति सम्बन्धमा आवश्यक जानकारी लिन चाहने व्यक्तिले कार्यालय समय भित्र संस्थाको बर्दिबास शाखामा सम्पर्क राखी जानकारी लिन सक्नुहुनेछ ।
६. बोलपत्र स्वीकृत भई संस्थाद्वारा निर्णय जानकारी गराएको १५ दिनभित्र बोलकवोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरिलिनु पर्नेछ । म्याद भित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. कुनै शर्त राखी वा रित नपुगी वा म्याद नाघी पेश हुन आएको गोप्य शिलबन्दी बोलपत्र स्वतः रद्द हुनेछ ।
८. गोप्य शिलबन्दी बोलपत्र खोलिने दिन बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी, दाखिला खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, कर तथा अन्य शुल्कहरु बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्ने छ ।
१०. यो सूचना प्रकाशित भईसकेपछि धितो सुरक्षण लिलामी सम्पन्न हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा चुक्ता भुक्तान गरेमा लिलाम प्रक्रिया रद्द गरी धरौटी बापत जम्मा भएको रकम सम्बन्धित बोलपत्रदातालाई फिर्ता गरिने छ ।
११. बोलपत्र सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दावी गर्न पाइने छैन ।
१२. गोप्य शिलवन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति** : २०८२ साल भाद्र महिना २३ गते सोमबार कार्यालय समयभित्र ।
**शिलबन्दी बोलपत्र खोलिने मिति** : २०८२ साल भाद्र महिना २४ गते मंगलबार दिनको ३:०० बजे ।
**बोलपत्र खोलिने स्थान** : सेन्ट्रल फाईनान्स लिमिटेड, बर्दिबास शाखा ।

**सेन्ट्रल फाईनान्स लिमिटेड**
**CENTRAL FINANCE LIMITED**
*Serving Your Financial Needs*
केन्द्रीय कार्यालय : कानदेवता स्थान, कुपण्डोल, ललितपुर, फोन नं. ५९७०००५
इमेलः info@centralfinance.com.np वेबसाइटः www.centralfinance.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# निजामती विधेयक रोक्ने चलखेलमा सरकार

**संघीय निजामती सेवा विधेयक राष्ट्रिय सभाबाट पारित नगर्ने चलखेल सरकारले सुरु गरेको छ । राष्ट्रिय सभाको विधायन समितिले सर्वसम्मत पारित गरिसकेको विषयलाई अड्को थापेर सरकारले यो विधेयक रोक्ने चलखेल सुरु गरेको हो । पछिल्ला दिनहरूमा विधेयकहरूमा किचलो ल्याउने काम सरकारी पक्षबाटै भइरहेको छ । 'कुलिङ पिरियड' गोलमालका कारण विवादमा तानिएको संघीय निजामती सेवा विधेयकमा फेरि पनि विवाद सिर्जना भएको छ । यसअघि सत्तारुढ दल एमालेले कुलिङ पिरियड हटाउन जोडबल गरेको थियो । यद्यपि सत्तारुढ दल नेपाली कांग्रेस र विपक्षीको विरोधले कुलिङ पिरियड राख्ने सहमति भयो ।**

**अहिले फेरि सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले उमेर हद लागू गर्ने समयमा अत्तो थाप्दै विवाद निकालेकी छन् । प्रतिनिधिसभाबाट उमेर हदबारे विधेयक ऐनमा रूपान्तरित भएर लागू भएको वर्ष ५८ वर्ष नै कायम रहने, अर्को वर्ष ५९ र त्यसपछिको वर्षमा ६० वर्ष लागू हुनेगरी विधेयक पास गरेर राष्ट्रिय सभामा पठाएको छ । तर मन्त्री न्यौपानेले भने यसै वर्षबाट ५९ वर्ष कायम हुनुपर्ने भन्दै अडान लिएकी छन् । मन्त्रालयका सचिव, सहसचिवको उक्साहटमा मन्त्री न्यौपानेले पनि यही अडान लिएको देखिन्छ ।**

**यो व्यवस्थामा संशोधन गरेर सुरुकै वर्ष ५९ वर्ष कायम गरे मुख्यसचिव र सचिवलगायत ५८ वर्षको अनिवार्य अवकाश जानेले एक वर्ष थप जागिरको समय पाउने छन् । मन्त्रीको यस्तो जोडबल हेर्दा सरकार कर्मचारी पोस्ने नीति लिएको प्रस्ट देखिन्छ । अहिले प्रधानमन्त्री केपी शर्मा ओली चीन भ्रमणमा छन् । १७ गते जसरी पनि पारित हुनुपर्ने यो विधेयक पारित गर्ने समय घर्किंदै छ । प्रधानमन्त्री ओली बुधबारमात्र काठमाडौं फर्कंदै छन् । उनको राय पर्खने भन्दै एमालेका मन्त्रीहरू अहिले मौन बसेका छन् ।**

**सोमबार यो विधेयक राष्ट्रिय सभाबाट पारित गरी प्रतिनिधिसभामा पठाउने तयारी थियो । तर विधायन व्यवस्थापन समितिबाट पारित नभएपछि राष्ट्रिय सभाले छलफलको कार्यसूचीबाटै हटायो । प्रतिनिधिसभाबाट आएको विधेयक राष्ट्रिय सभाले ६० दिनभित्र पारित गरी मंगलबार राति १२ बजेभित्र फिर्ता गरिसक्नुपर्ने संवैधानिक व्यवस्था छ । कुलिङ पिरियडमा चित्त नबुझाएको एमालेले अन्तिम समयमा उमेर हद लागू गर्ने समयको निर्णय नै उल्टयाएर चलखेल गर्न खोजेको हो । सामान्यतया कानुन बनाउँदा सरकार पक्षले यस्तो गर्नु अशोभनीय विषय हो । बल्लबल्ल सहमतिमा आएको विषयमा कर्मचारीको पक्षमा लागेर समयको बर्बादी गर्नु बेकार छ । आज समय नघर्कंदै विधेयक समितिबाट पारित होस् र प्रतिनिधिसभामा फिर्ता पुगोस् ।**

## श्रम सरोकार

# वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।

व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।

- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# समृद्धिका आधार क्षेत्र



■ रिसव गौतम

> हामीले कुनै नवीनतम् उद्यम थाल्ने हो, कृषि गरिरहेका छौं भने त्यसलाई अझ विस्तारित र व्यावसायिक बनाउन लागि पर्ने हो, आन्तरिक बजारले आफ्ना उत्पादन खपत गरेनन् भने बाह्य बजारका लागि पहल गर्ने हो भने धेरै गर्न सकिन्छ । आजको सूचना, सडक सञ्जाल, हवाई सञ्जालको भूमण्डलीकरणको दुनियाँमा हामीलाई पनि विश्वव्यापी अवसर छ । तर त्यो अवसर चिन्नुपर्‍यो । आजको चीनमा उत्पादित मालवस्तुले विश्वबजारको करिब १० प्रतिशत हिस्सा ओगटेको छ । नेपालले चीनलेजस्तै आफ्ना अर्गानिक उत्पादनलाई विश्वमाझ पुर्‍याउन किन सक्दैन ?

देशको विकास, अर्थतन्त्रको वर्तमान अवस्था र भविष्यबारे व्याख्या विश्लेषण गर्दा धेरै विषय नियाल्न जरुरी देखिन्छ । मुख्यतः आजको विश्वव्यापीकरणको युगमा हामीले आन्तरिक अवस्थाको मूल्यांकन गरेरमात्र हुँदैन, बाह्य परिवेशलाई पनि हेर्न सक्नुपर्छ । नेपाल आफैंमा प्राकृतिक पर्यावरण, संस्कृति पर्यटन, जलविद्युत् र कृषिमा धेरै कुरामा सवल देश हो । हाम्रो जनसंख्या र भूगोलको संयोजन मिलेको छ । हामीसँग नभएको भनेको आत्मविश्वास र जाँगर हो ।

हामीले कुनै नवीनतम् उद्यम थाल्ने हो, कृषि गरिरहेका छौं भने त्यसलाई अझ विस्तारित र व्यावसायिक बनाउन लागि पर्ने हो, आन्तरिक बजारले आफ्ना उत्पादन खपत गरेनन् भने बाह्य बजारका लागि पहल गर्ने हो भने धेरै गर्न सकिन्छ । आजको सूचना, सडक सञ्जाल, हवाई सञ्जालको भूमण्डलीकरणको दुनियाँमा हामीलाई पनि विश्वव्यापी अवसर छ । तर त्यो अवसर चिन्नुपर्‍यो । आजको चीनमा उत्पादित मालवस्तुले विश्वबजारको करिब १० प्रतिशत हिस्सा ओगटेको छ । नेपालले चीनलेजस्तै आफ्ना अर्गानिक उत्पादनलाई विश्वमाझ पुर्‍याउन किन सक्दैन ? अवश्य सक्छ ।

## १६औं योजनासँग आशा

राष्ट्रिय योजना आयोगले पाँच वर्षका लागि ल्याएको १६औं पञ्चवर्षीय योजना (आव २०८१/८२ देखि २०८५/८६) कार्यान्वयनको चरणमा छ । सुशासन, सामाजिक न्याय र समृद्धि कायम गर्न महत्त्वाकांक्षी लक्ष्यसहित आएको १६औं योजनाले नेपाली अर्थतन्त्रको सुदूर भविष्य राम्रै रहने संकेत गरेको छ । पाँच वर्षभित्रै नेपालले रोजगारी र उत्पादन क्षेत्रको वृद्धिमार्फत ५४ खर्बको जिडिपीलाई विस्तार गरेर १०३ खर्बको बनाउने लक्ष्य लिएको छ । त्यसैगरी आर्थिक वृद्धिदर सात प्रतिशतमाथि उकाल्ने लक्ष्य लिएको छ ।

यस योजनाले प्रतिव्यक्ति आय एक हजार ४५६ डलरबाट दुई हजार ३५१ डलरमा पुर्‍याउने, साक्षरता दर ८५ प्रतिशत पुर्‍याउने, बेरोजगारी दर पाँच प्रतिशतमा झार्ने, जलविद्युत् क्षमता हालको २८ सय मेगावाटबाट ११ हजार ७०० मेगावाटमा पुर्‍याउनेजस्ता महत्त्वाकांक्षी लक्ष्य लिएको छ । योजनाले लिएका यी लक्ष्य महत्त्वाकांक्षी भए पनि राज्यको सबै तप्का, निजी क्षेत्र र आमजनतासमेत इच्छाशक्ति देखाएरै लाग्ने हो भने पूरा गर्न सकिन्छ ।

नेपालमा बाटो, घाटो, बिजुली, इन्टरनेट, शिक्षा र स्वास्थ्यजस्ता क्षेत्रमा विगतमा प्राथमिकताका साथ लगानी भएका हुन् । आधारभूत पूर्वाधारको क्षेत्रमा देशले एक खालको फड्को मारिसकेको अवस्था छ । अबको खाँचो भनेको उद्यमशीलता वृद्धि, उत्पादन वृद्धि र रोजगारी सिर्जनामार्फत अर्थतन्त्र उकास्नु हो । त्यसका लागि राष्ट्रिय योजना आयोगले लिएको लक्ष्य र योजनालाई तादाम्यता मिलाउँदै तीनै तहका बजेट बन्नुपर्छ । केन्द्रीय योजना र सोहीअनुरूपको बजेटमार्फत मुलुकलाई समृद्धिको दिशामा अघि बढाउन सकिन्छ ।

## सन्तुलित जनसंख्या

वि.सं. २०७८ को जनगणनाअनुसार नेपालमा अहिले दुई करोड ९१ लाख ६४ हजार जनसंख्या रहेको छ । २०६८ को तुलनामा पहिलोपटक नेपालको जनसंख्या वृद्धिदर एक प्रतिशतबाट घटेर ०.९२ प्रतिशत भएको छ । विश्वव्यापीरूपमै पछिल्ला वर्षमा जनसंख्या वृद्धिदर खुम्चिएको छ । बजार माग सिर्जना र आर्थिक गतिविधिको विस्तारको दृष्टिले जनसंख्या वृद्धिदर खुम्चनुलाई एलन मक्सजस्ता विश्वकै धनीहरूले चिन्ताको विषय मानिरहेका छन् ।

लगानी र वित्तीय सेवा प्रदायकको रूपमा विश्वप्रसिद्ध अमेरिकी संस्था गोल्डम्यान सर्चले गरेको भविष्यवाणीअनुसार सन् २०७५ मा पुग्दा अहिले बढी जनसंख्या भएका देशहरू नै क्रमशः धनी हुने सूचीमा छन् । गोल्डम्यान सचका अनुसार सन् २०७५ मा चीनको अर्थतन्त्र ५७ ट्रिलियन डलर, भारतको ५२.५ ट्रिलियन डलर, अमेरिकाको ५१.५ ट्रिलियन डलर, युरो एरियाको ३०.३ ट्रिलियन डलर र जापानको अर्थतन्त्र ७.५ ट्रिलियन डलरको हुने छ । जनसंख्यामा धनी देशहरू नै अबको विश्वमा आर्थिकरूपले सुपरपावर बन्दै छन् भनेर गोल्डम्यान सचजस्तो संसारभर आर्थिक अवसर खोज्ने, लगानी गर्ने कम्पनीको दाबी छ । त्यस हिसाबले हेर्दा नेपालको जनसंख्या वृद्धिदर घट्दै जानु चिन्ताकै विषय होला ।

वि.सं. २०७८ को जनसंख्याको संरचना हेर्दा नेपाल अहिले जनसांख्यिक लाभको अवस्थामा छ । अबको ३५ वर्ष नेपालको जानसांख्यिक अवस्थाबाट देशले अत्यन्तै लाभ लिन सकिने हिसाबको वयस्कहरूको वर्चश्वको अवस्था छ । छिमेकी मुलुक बंगलादेशको भूभाग एक लाख ४७ हजार ५७० वर्ग किलोमिटर रहेको छ । बंगलादेशको जनसंख्या भने १७ करोड नाघिसकेको अवस्था छ । तर लगभग त्यति नै भूभाग (एक लाख ४७ हजार १८१ वर्ग किलोमिटर क्षेत्रफल) रहेको नेपालको जनसंख्या तीन करोडभन्दा तलै हुनु उति नराम्रो त होइन तर समृद्धिको हिसाबले पनि जनसंख्यालाई केही बढाउँदै लैजानुपर्ने आवश्यकता छ ।

## जलविद्युत्मा उज्यालो दृश्य

जलविद्युत् नेपालको समृद्धिका लागि सबैभन्दा ठूलो आधारशीला हो । खासगरी पछिल्ला दशकमा जलविद्युत् उत्पादनमा नै नेपालले भगिरथ प्रयत्नहरू गरिरहेको छ । बैंक तथा वित्तीय संस्थाको पनि जलविद्युत् कम्पनीहरूमा ठूलो लगानी गरिरहेका छन् । धेरैजसो वैदेशिक लगानी जलविद्युत् क्षेत्रमा नै केन्द्रित रहेको छ । अबको १२ वर्षमा २८ हजार मेगावाट बिजुली उत्पादन हुने आधार तयार भएको ऊर्जा मन्त्रालयको भनाइ छ । १६औं योजनाले अबको पाँच वर्षमा ११ हजार ७०० मेगावाट बिजुली उत्पादनको लक्ष्य लिइसकेको छ ।

आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार ३६ सय मेगावाट बिजुली उत्पादन भइरहेको छ । देशले वार्षिक १६-१७ अर्ब रूपैयाँभन्दा बढी मूल्यको बिजुली निर्यात गर्न थालिसकेको छ । करिब ८३ हजार मेगावाट विद्युत् उत्पादन क्षमता रहेको नेपालका नदीनालाबाट अब एक दशकभित्र कम्तीमा १२-१५ हजार मेगावाट बिजुली उत्पादन गर्न अवश्य सकिन्छ । निर्माणाधीन केही आयोजना सम्पन्न हुने क्रममा छन् भने सयौं आयोजना निर्माणको क्रममा छन् ।

कम्तीमा एक दशकबीच १५ हजार मेगावाट बिजुलीमात्रै उत्पादन हुँदा पनि नेपालको अहिलेको ४०-४२ अर्ब डलरको जिडिपीलाई ऊर्जा उत्पादनकै माध्यमबाट पनि ठ्याक्कै डबल अर्थात् ८०-८५ अर्ब डलरको बनाउन सकिने छ । आवधिक योजनाको लक्ष्यले गति लिए रोजगारी र उत्पादन क्षेत्रको वृद्धिमार्फत अर्थतन्त्रलाई थप गतिशील बनाउन सकिन्छ । फलस्वरूप हाल ६१ खर्ब रूपैयाँको कूल गार्हस्थ उत्पादनको आकारलाई वार्षिक औसत चारदेखि पाँच खर्ब रूपैयाँले बढ्दै आएको दरलाई बढाउन सकिन्छ ।

खासगरी ऊर्जा र पर्यटन क्षेत्रमा हुने बढ्दो आम्दानीमार्फत अबको चार वर्षमा २० खर्ब रूपैयाँले अर्थतन्त्रलाई विस्तार गरेर ८० खर्ब रूपैयाँको जिडिपी बनाउन सकिन्छ । पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले गरेको भारत भ्रमणका क्रममा आगामी १० वर्षमा १० हजार मेगावाट बिजुली लैजानेगरी दीर्घकालीन विद्युत् व्यापारसम्बन्धी प्रारम्भिक सम्झौता भएको थियो । भारतले हालसम्म ठूला र साना आयोजना गरी ५२ हजार मेगावाट बिजुली उत्पादन गरिसकेको र उसको जलविद्युत् उत्पादनको अरु विकल्प नगन्य रहेको बताइन्छ ।

चीनले पनि नेपालसँग विद्युत् खरिद गर्ने संकेत दिइसकेको छ । बंगलादेशसँग सन् २०४० सम्ममा १० हजार मेगावाट बिजुली खरिद गर्ने गरी कुरा अघि बढिसकेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले पनि चीनसँगको व्यापारलाई सहजीकरण गर्नेगरी आफ्ना कार्यकालहरूमा दुई देशीय सम्झौता गरेका छन् । नेपालको निर्यात व्यापारको अबको बलियो खम्बा भनेको बिजुलीको व्यापार नै हो ।

## राष्ट्रिय गौरवका आयोजना

नेपालमा हाल २४ वटा राष्ट्रियस्तरमा सघन महत्त्व राख्ने गौरवका आयोजना छन् । ती आयोजनामा वित्तीय स्रोत विनियोजनमा सरकारले प्राथमिकता दिएर कार्यान्वयनमा अनुगमन गर्दै आएको छ । समृद्धिमा ठूलो सरोकार राख्ने राष्ट्रिय गौरवका आयोजनाको निर्माणाधीनको अवस्थाले देशको सुदूर भविष्य उज्ज्वल देखिन्छ । निर्माणाधीन राष्ट्रिय गौरवका आयोजनाको लागत १८ खर्ब ९५ अर्ब रूपैयाँ पुगेको छ ।

मुलुकको आर्थिक सामाजिक रूपान्तरण, पुँजी निर्माण, रोजगारी सिर्जना र प्रादेशिक सन्तुलनमा ती आयोजना बहुआयामिक हिसाबले महत्त्व राख्छन् । पश्चिम सेती जलविद्युत् आयोजना, बूढीगण्डकी आयोजना, माथिल्लो तामाकोशी जलविद्युत्, मेलम्ची आयोजना, काठमाडौं निजगढ फास्ट-ट्र्याक, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, सिक्टा र बबई सिँचाइजस्ता गौरवका आयोजनाले पनि नेपालको समृद्धिमा गतिलै प्रभाव पार्न सक्छन् ।

## पर्यटनमा सम्भावना

नेपाल पर्यटकीय हिसाबले १० नम्बर भित्रैपर्ने गन्तव्यको रूपमा लिने गरिन्छ । तर पनि हामीले ठूलो संख्यामा पर्यटकलाई बोलाउन, आतिथ्यता गराउन सकेका छैनौं । संसारका २८ अग्ला हिमालमध्ये सर्वोच्च शिखर सगरमाथासहित १४ ठूला हिमशृंखला नेपालमै छन् । विश्वमै दुर्लभ मानिने ७५० भन्दा बढी प्रजातिका पक्षी नेपालमै पाइन्छ । दुर्लभ बाघ, भालु, चितुवा, हरिण, मृग, गैंडा हेर्न नेपालमै आउनुपर्छ । सयौं भाषा, वेष र संस्कृति यहीँ छन् । फरक-फरक जलवायु यहीँ छ ।

विश्वमा हाल पर्यटन क्षेत्रको अकार वर्ल्ड ट्राभल्स एण्ड टुरिजम काउन्सिलको सन् २०२४ को तथ्यांकअनुसार १०.९ ट्रिलियनको डलर पुगिसकेको छ । खासगरी चीन र अमेरिकाले नै पर्यटन क्षेत्रमा करिब आधा लगानी गरेका बताइन्छन् । लगानी उच्च भएकै कारण चीनमा बर्सेनि १० करोड बढी मानिसले पर्यटक भएर भ्रमण गर्न थालिसकेका छन् । त्यस्तै भारतमा सन् २०२४ मा ९९ लाखभन्दा बढी मानिसले पर्यटन भित्रिएका थिए भने एक करोड हाराहारीलाई भारतमा यस क्षेत्रले रोजगारी दिइरहेको अवस्था छ ।

राजनीतिक स्थायित्वकै कारण भारतमा पर्यटक आगमन बढेको बताइन्छ । त्यस्तै फ्रान्स पर्यटकीय दृष्टिले पहिलो गन्तव्यस्थल नभए पनि सबैभन्दा बढी पर्यटक भित्र्याउने राष्ट्रमा पर्ने गर्छ । पर्यटनमैत्री वातावरण उसको प्राथमिकतामा पर्ने गर्छ । अमेरिका, इटाली, बेलायत पर्यटक आगमनमा दोस्रो, तेस्रो र चौथो मुलुकमा पर्दै आएका छन् । नेपालमा पनि पछिल्ला दशक पर्यटनमा सम्भावना देखेर होटल क्षेत्रमा ठूलो लगानी भइरहेको छ । होटल तथा पर्यटन पूर्वाधारमा भइरहेको लगानी विस्तारले नेपालमा पर्यटन क्षेत्रबाट समृद्धिको उज्यालो देखिएको छ । *रासस*

## मट्याङ्ग्रो



✍ बैकुण्ठ भण्डारी

# पहाड रित्तियो, पालो तराईको ?

*'उडी जाऊँ भने, म पन्छी होइन,*
*बसन एक्लै मन छैन'*

अरुणा लामाले धेरै अघि गाएको यो गीतले पक्कै पनि अधिकांशको मन पहिले होइन अहिलेचाहिँ दुख्छ होला । अरुणा लामा यो गीत गाइरहँदा 'मुग्लान वा लाहुरे' जानेहरू कमै हुन्थे । अति बाध्यता भएकाहरू मात्र घर छाडेर जान्थे । तर अहिले परिस्थिति फरक भएको छ भन्छन्, 'विष्णु बा' ।

चौतारीको डिलमा बसेर पल्लो गाउँतिर देखाउँदै, 'ऊ त्यो पण्डित गाउँको कमेरोले लिपेको घरको ठूले गाउँ छाडेर आसाम राइफलमा भर्ना हुन गाको थियो, विचरा उतै बिते ।' मैले सोधेँ, 'पहिलेपहिले पहाडका मान्छे आसामतिर जान्थे हो विष्णु बा ?' उनले भने, 'हो नि पूर्व एक नम्बरदेखि गण्डकसम्मका मान्छे उता जाने गरेको सुन्थे । त्यही ठुलेसँग झण्डै म पनि उतै भासिन खोजेको थिएँ ।' बाउले थाहा पाएर जान दिएनन् ।'

अनि पण्डित गाउँको ठूले के भएर बितेका हुन् नि ? मैले जिज्ञासा राखेँ । 'के भएर बित्नु नि उता ब्रिटिसहरूसँग लड्नका लागि नेपालीहरू लाहुरे भएर जान्थे । तिनेरुसँग लड्दालड्दै बित्यो नि विचरो ! तर अहिले त गाउँमा मान्छे नै छैन हो कान्छा । सबका ढोकाँ ताल्चा लगाको छ । हामी अलिअलि बूढाहरू छौं । हामी बित्यौ भने लास उठाउने मान्छे पनि छैनन । तिमेरु पनि सहर-गाउँ त गरिरन्छौं कुन दिन फुत्त चिलगाडी चढेर उड्ने हो थाहा छैन,' निराशा भएर विष्णु बाले भन्नु भो ।

कान्छाले भन्यो, 'मत जान्न विष्णु बा । जति दुःख पाए पनि म यही बस्ने हो ।' 'भन्न त भन्छन् क्यार, दाइभाइ दिदीबहिनी सबै हिँडेपछि तँ चाहिँ किन बस्लास् र ? तलाई यहाँ बस्नै दिँदैनन् !,' बाले भने । 'कसले दिँदैन विष्णु बा ?,' कान्छाले सोध्यो । 'तैँले चुनेका नेताहरूले दिँदैनन् !' कान्छाले सोध्यो, 'किन त्यसो भन्नुभएको तपाईंले ? नेताहरूले त देश बनाउँछन्, जनताको कुरा सुन्छन्, अहिले त नयाँ पुराना सबै नेताले देश बनाउने कुरा गर्छन् त ?'

'कुरा गर्छन् काम गर्दैनन् बुझिस् । हामी छयालिस सालमा प्रजातन्त्र ल्याउनका लागि गाउँगाउँबाट उठेका थियौं । तिमरु त जन्मेका पनि थिएनौं ! प्रजातन्त्र कसरी ल्यायौं भन्ने कुरा तिमेरुलाई के था । त्यसै भकभक जे मन लाग्यो त्यही बोल्न पाका छौ र ! स्वतन्त्रताको नाममा यति छाडा हुन प्रजातन्त्र ल्याइदिएको हो र ? यो ३५-३६ वर्षमा के भयो ? गाउँ पूरै रित्तियो । संघीयताको नेता पनि गाउँमा बस्दै बस्दैन । सहरबाट गाउँमा आको पैसा आफैं ठेकेदार बन्छ, कागजमा काम गर्छ अनि फेरि पैसा सहरमै लैजान्छ । गाउँ त जस्ताको त्यस्तै ।'

ठीकै छ त सहरबाट गाउँ पैसा आउने अनि गाउँबाट फेरि सहर जाने । राम्रो होला नि होइन र ? कसरी हुन्छ राम्रो । सहरबाट गाउँमा पैसा सहर पठाउनका लागि हो र आफ्नो गाउँ राम्रो बनाऊ भनेर पो पठाएको त ! यहाँ त गाउँ रित्तो बनाऊ भनेर पठाएको जस्तो भो ।

'किन त्यसो भएको होला विष्णु बा ?,' उत्सुक हुँदै कान्छाले सोध्यो ? विष्णु बाले खित्का छाडे र भने, 'त्यत्ति पनि तँलाई थाहा छैन ? ३० वर्षअघि पनि हामीले बनाएको प्रधानमन्त्री र अहिले तिमरुले बनाउने खोजेको प्रधानमन्त्री एउटै । ३० वर्षसम्म घुमिफिरी एउटै मान्छे । त्यस्ताले देश बनाउँछ ? बरु तिमरुलाई यो वा त्यो नाममा विदेश पठाएर गाउँ रित्तो बनाउँछ ।' 'त्यही भएर त भनेको नि राम्रालाई छानौं भनेर,' कान्छाले विष्णु बालाई भन्यो ।

'के राम्रो ? अनुहार राम्रो ? हेर्दा सबै खाने बेला बाउले लात्ताले हानेर ढोकाबाट निकालेर सहराँ पसेका जस्ताले काम गर्लान् ? अनि राम्रा छान्लान् ? चाहिने कुरा गर न हो कान्छा,' बाले उल्टै प्रश्न उठाउनुभयो । 'सधैं यस्तै कहाँ हुन्छ र ? परिवर्तन त हुन्छ नि विष्णु बा...,' कान्छाको कुरा बीचैमा काट्दै विष्णु बाले भने, 'हुन्छ, भइराखेको छ नि परिवर्तन, मान्छेलाई पशुजस्तो बेचिरहेका छन् । गाउँमा कसैलाई अडाउन सकेका छैनन् । १२ कक्षा पास हुन नपाउँदै विदेश पढ्न गाका छन् । भर्खरै बिहे गरेको मान्छे महिना दिन नबिताउँदै रोजगारीका लागि विदेश उड्नुपर्ने बाध्यता छ । यही हो परिवर्तन ।'

'त्यस्तो पनि होइन होला बा । हाम्रो बुझाइ नै कम भयो कि ?,' कान्छाले भने । 'ठीक छ त बुझाउ न तिमेरुले । जसरी बुझाए पनि केही हुनेवाला छैन । हुन्छ त केवल कमिसनतन्त्र, लुटतन्त्र... यस्तै यस्तै हो । जबसम्म निःस्वार्थी नेता जन्माउन सकिँदैन तबसम्म यी सबै 'फण्डा' हुन्,' बाले भन्नुभयो । 'लोग्ने स्वास्नी नै नेता भएका छन्, त्यो कसरी त ?,' कान्छाले जिज्ञासा राखे ।

'हत्तेरी लाटा ! अब बूढा नेता, बूढी नेता । त्यसपछि सरकारी ढुकुटी सबै तेताका । त्यसका लागि हो । देशका लागि त के योगदान गरेका हुन् र ? आफ्नो छोराछोरी सबै विदेश पठाउने अनि जनताका छोराछोरीलाई आन्दोलनमा पठाएर आफूले राज गर्ने नीति हो बाबु हाम्रो देशका नेताहरूको । बुझिराख ! तिमेरु त पढेलेखेका छौं क्यार ! खोज, अनुसन्धान गरे । कुन नेताको सम्पत्ति कहाँबाट आयो ? परिवारका अन्यले के काम गर्छन् ? त्यही भएर यी सबै नेताहरूले भन्ने मात्र हुन कान्छा, आफ्नो भविष्यका लागि आफू सक्रिय भएको राम्रो ।'

'यही आँखाले हेदा हेर्दै गाउँ रित्तो बनाए । सबै समाजवाद र सर्वहाराका नाम लिएर पुँजीवादमा रमाएका छन् । अहिलेसम्म पहाड रित्तो बनाए । अब यिनीहरूले नै मिलेर तराई रित्तो बनाउँदै छन् । श्रम नदिने, सीप नदिने अनि स्वरोजगार भनेको किसानहरूलाई सडकमा आन्दोलन ल्याएर उतार्ने ? त्यही हो हाम्रो नेताहरूबाट हुने काम भनेको ।'

'गाउँ त रित्तियो रित्तियो । अब विस्तारै तराई रित्तो बनाउने रणनीति बन्दै छ । पहाड पनि रित्तो, तराई पनि रित्तो बनाउने रणनीति बनाउनेलाई तह नलगाएसम्म कोही खुसी हुन्नन् । त्यही भएर भनेको सर्वे: भवन्तु सुखिन । तर नेतालाई बनाइदिनु सर्वे: भवन्तु दुखिन । पहाड रित्तो बने, तराई रित्तो बनाउन खोजिरहेका छन् । सावधान पहाड रित्तो बनाएर तराई रित्तो बनाउन खोज्नेहरू हो । युवा विदेश जाकिए, अब फेरि पालो हामी बूढाको !!'

# हिलाम्मे सडकले ढोरपाटन आउने पर्यटकलाई सास्ती



**बागलुङ (प्रस)–** नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटन पुग्ने सडकको दुरावस्थाका कारण पर्यटकले सास्ती खेप्नुपरेको छ । राष्ट्रिय प्राथमिकताको आयोजनाका रूपमा रहेको सालझण्डी-ढोरपाटन सडक ट्र्याक खुलेको १० वर्ष बित्दा पनि स्तरोन्नति भएको छैन । ढोरपाटनको प्रवेशद्वार बुर्तिवाङदेखि बोबाङसम्म सडक सहज भए पनि त्यसभन्दा माथि निकै अप्ठ्यारो छ ।

साँघुरो सडक खाल्डाखुल्डी र हिलाम्मे हुँदा पर्यटकका सवारीसाधान ढोरपाटन पुग्न हम्मेहम्मे पर्छ । यस बेला अधिकांश पर्यटक मोटरसाइकल र जिपमा आउने गर्दछन् । पर्यटकले प्रयोग गर्ने सवारीसाधन बीच बाटोमै बिग्रिने गरेको छ । वर्षाले सडकमा लेदोसहितको हिलो र ढुंगा थुपारेको छ ।

रूपन्देहीको सालझण्डीदेखि अर्घाखाँची हुँदै सडक ढोरपाटन जोडिएको छ । सडक साँघुरो र हिलाम्मे हुँदा वस्तुभाउ र मान्छेलाई लेकबेसी गर्ने सकस हुने ढोरपाटन नगरपालिका-९ का वडाध्यक्ष खीमबहादुर घर्तीमगरले बताए । उनले भने, 'यो सडकका कारण यस क्षेत्रका हजारौं नागरिक र आगन्तुकले दुःख पाउनुपरेको छ, निर्माण कम्पनीले समयमै काम गरिदिएको भए अहिलेसम्म सकिने थियो, हामीहरूले बारम्बार काम गर्नका लागि आग्रह गर्‍यौं तर कार्यान्वन भएन ।'

नवलपुरबाट ढोरपाटन घुम्न आएका तुफान सापकोटाले फल्लेघरभन्दा तल पट्टीको सडकमा गाडी बिग्रँदा दुई दिन अलपत्र परेको गुनासो पाखे । सामाजिक सञ्जालमा ढोरपाटनको मनमोहक तस्बिर र भिडियो देखेर घुम्न आएको सुनाउँदै सडकका कारण दुःख पाएको उनको भनाइ छ ।

'ढोरपाटन यति सुन्दर छ, तर यहाँसम्म आउने सडकको अवस्था निकै खबरा रहेछ, हामीहरू यहाँको सुन्दरता देखेर आएका थियौं, यस्तो सडक छ भन्ने थाहा पाएको भए आउने थिएनौं,' उनले भने ।

वि.सं. २०७१ मा बागलुङ खण्डमा सडक ट्र्याक खुलेको थियो । गंगरेदेखि ढोरपाटनसम्म ६१ किलोमिटर छ । सालझण्डीदेखि ढोरपाटनसम्म १९७ किलोमिटर रहेको छ । बडिगाड गाउँपालिका-१० गंगरे, निसीखोला गाउँपालिका-७ राजकुट, वडा नम्बर १ देवीस्थानहुँदै ढोरपाटन जोडिएको सडक स्तरोन्नतिका लागि चार वर्ष अगाडि ठेक्का सम्झौता भएको थियो । हालसम्म काम हुन नसकेको हो ।

# जलवायु परिवर्तनले संकटमा चौंरीपालन व्यवसाय



**चौतारा–** जलवायु परिवर्तनको असरका कारण सिन्धुपाल्चोकका उच्च हिमाली क्षेत्रमा गरिँदै आएको चौंरीपालन व्यवसाय अहिले संकटमा पर्न थालेको छ । तीन हजारदेखि छ हजार मिटर उचाइको हावापानी भएको हिमाली खर्कमा वर्षौंदेखि चल्दै आएको घुम्ती गोठ प्रणाली पछिल्लो समय क्रमशः घट्दै गएको छ ।

वैदेशिक रोजगारमा युवाको आकर्षण बढ्नुका साथै चरन क्षेत्रमा घाँसको कमी, मौसम परिवर्तनजस्ता कारणले घुम्ती गोठमार्फत चौंरी, याक तथा भेँडापालन गर्नेहरू कम हुँदै गएका हुन् । खर्कमा चौंरी र याकसँगै फिरन्ते जीवन बिताउने सिन्धुपाल्चोक जुगल गाउँपालिका तेम्बाथनका पासाङ शेर्पालाई हिमाली क्षेत्रमा आएको मौसमी परिवर्तनका कारण यो पेसामा चुनौती बढेको छ । खर्कमा पहिलेजस्तो घाँस नपाइने भएका कारण चौंरीलाई घाँस पुर्‍याउन हम्मेहम्मे पर्दा चौंरीपालन व्यवसाय संकटमा परेको शेर्पा बताउँछन् ।

पासाङको अनुभवमा हिमाली क्षेत्रमा पहिलेको तुलनामा चिसो छैन । 'हिमालमा हिउँ छैन, त्यसैले चिसो नभएको हुनसक्छ,' उनी भन्छन् । पहिले-पहिले बाह्रैमास हिउँले टल्कने हिमाल अहिले काला पहाडमा परिणत भएको उनले सुनाए ।

पाँचपोखरी क्षेत्रको खर्कमा हुर्कर आफ्नो जीविका चौंरी तथा भेडागोठले धानेका लाङगर्चेका इन्द्रबहादुर गुरुङ भने यो पेसाबाट पलायन भए । उनका छोराछोरी कोही काठमाडौंतिर पढ्न गएका छन् त कोही वैदेशिक रोजगारीमा खाडीमुलुक पुगेका छन् । चौंरी, भेडा धमाधम मर्न थालेपछि इन्द्रबहादुरको पुस्तौंदेखिको आयस्रोतको यो पेसामा पूर्णविराम लागेको हो । पहिलेजस्तो मौसम अनि चौंरी तथा भेडाका लागि चरनयोग्य सामग्री नहुँदा आफूले पेसाबाटै विश्राम लिएको उनी बताउँछन् ।

चौंरी, याक र भेडाका लागि लेकाली क्षेत्रमा जंगलबीचको खर्कमा गोठ बनाएर त्यही घाँस पानी गर्ने प्रचलन छ । पहिले चौंरीका लागि पाइने पोषणयुक्त घाँस अचेल मौसम परिवर्तनकै कारण विलय भएको चौंरीपालक किसानको भनाइ छ । मौसम चौंरीअनुकूल नभएपछि घाँसको अभाव हुने, अन्य चरनयोग्य प्राकृतिक दाना नपाइने हुँदा चौंरी मर्न थालेको अर्का किसान दलु लामा बताउँछन् । विभिन्न रोगले पशु मर्नुका साथै उत्पादन सस्तोमा किनेर महँगोमा बिक्री गर्ने व्यापारीका कारण पुस्तौंदेखि गर्दै आएको यो पेसाप्रति युवा पुस्तामा निराशा बढ्दै गएको लामाको भनाइ छ ।

वर्षको तीन महिना जाडो समयमा मात्र मानवबस्ती छेउछाउ पुग्ने उनीहरू अधिकांश समय हिमाली खर्कमा बिताउँछन् । सिन्धुपाल्चोकको लेकाली भेगका तामाङ र शेर्पा समुदायका नागरिकको मुख्य आम्दानीको स्रोत चौंरीको दूधबाट बन्ने चिज, छुर्पी, नौनी घिउ तथा भेडाको रौंबाट बन्ने राडीपाखीलगायतका सामग्री हुन् ।

सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका, भोटेकोसी, जुगल, पाँचपोखरी र हेलम्बु गाउँपालिकामा चौंरीपालन हुने गरेको छ । स्थानीय पालिकाको कृषि तथा पशु शाखाका अनुसार खर्कमा चौंरी तथा भेडापालन गर्ने किसानको संख्या जिल्लामा १३१ छ । चौंरी, याक र भेडाको संरक्षण गर्न सिन्धुपाल्चोकका पालिकाले बिमा कार्यक्रम ल्याएका छन् । वैदेशिक रोजगारीभन्दा राम्रो आम्दानीको क्षेत्र बन्नसक्ने यो क्षेत्रलाई व्यावसायिक बनाउन प्रयत्न गरिरहेको पाँचपोखरी थाङपाल गाउँपालिका अध्यक्ष टासी लामा बताउँछन् ।

पालिकाको प्रयास गर्दागदै पनि सिन्धुपाल्चोकका लेकाली खर्कमा अहिले चौंरी गोठ घट्दै गएको छ । अझै परम्परागतरूपमै भइरहेका पशुपालनलाई आधुनिक बनाउन सकिएको छैन । राज्य तहबाट पनि यो पेसालाई प्रोत्साहन नगरिएको हुँदा चाहेर पनि स्थानीयले यो पेसालाई परम्परागत भन्दा माथि लैजान सकेका छैनन् । *रासस*

# बिओपी स्थापनाको पाँच वर्षपछि पूर्वाधार

**भीमदत्तनगर–** कञ्चनपुरको भीमदत्त नगरपालिका-१० स्थित सशस्त्र प्रहरी बल नेपालको जिमुवा बोर्डर आउट पोस्ट (बिओपी) स्थापनाको पाँच वर्षपछि पूर्वाधार निर्माण गरिएको छ ।

सीमा निगरानीका लागि २०७७ असोजमा स्थापना भएको उक्त बिओपीमा आवास, अतिथिगृहसहितका पूर्वाधार निर्माण गरिएको हो । सुदूरपश्चिम प्रदेश सरकारले गत आर्थिक वर्षको योजनाअन्तर्गत निर्माण गरेको अतिथिगृह भवनको आइतबार उद्घाटन गरिएको छ । प्रदेश सरकार आन्तरिक मामिला तथा कानुनमन्त्री हिरा सार्कीले अतिथिगृह भवनको उद्घाटन गरे ।

भवनको उद्घाटन गर्दै मन्त्री सार्कीले मन्त्रालयले बिओपीमा पूर्वाधार सुधार गर्ने योजनाअन्तर्गत भवन निर्माण गरिएको बताए । उनले बिओपीमा पूर्वाधार नहुँदा सीमा सुरक्षार्थ खटिएका प्रहरीले आफैं सुरक्षित हुने अवस्था नरहेकाले प्रदेश सरकारले प्राथमिकताका साथ पूर्वाधार निर्माण गरिरहेको बताए ।

साथै उनले प्रदेश सरकारले प्रहरीलाई सुरक्षा र विपद् उद्धारका लागि आवश्यक सामग्री प्रदेशभर वितरण गरेको जानकारी दिए । पूर्वाधार निर्माणले सशस्त्र प्रहरी आवास व्यवस्थापनमा सहज हुने बताउँदै उनले सीमा निगरानी, अवैध ओसारपोसार नियन्त्रण र राजस्व छली नियन्त्रणमा सक्रियताका साथ काम गर्न उनले निर्देशन दिए ।

सशस्त्र प्रहरी बलको सुदूरपश्चिम प्रमुख प्रदीपकुमार पालले पूर्वाधार निर्माणले प्रहरीको सेवा प्रवाहमा सहज हुने बताए । उनले स्रोतसाधनको अभावमा प्रहरीले सेवा प्रदान गरिरहेको बताउँदै सबै बिओपीमा आवश्यक पूर्वाधार निर्माण गर्न सरकारसँग आग्रह गरे ।

प्रदेश सरकारद्वारा विनियोजित ४० लाख रूपैयाँ बजेटमा २९ लाख ७३ हजार रूपैयाँमा ठेक्का सम्झौता भई अतिथिगृह निर्माण गरिएको मन्त्रालयका निमित्त सचिव आमोद दहालले जानकारी दिए । उनका अनुसार चालु आर्थिक वर्षमा थप तीनवटा बिओपीमा पूर्वाधार निर्माण गर्ने प्रदेश सरकारको योजना छ । जिमुवामा गत वर्षको संघीय योजनाअन्तर्गत दुईवटा प्रहरी ब्यारेक भवनको निर्माण सम्पन्न भएको छ । जिमुवा क्षेत्रको दुर्गम टोल श्रीलंकामा रहेको बिओपी यसअघि खानेपानी कार्यालयको भवनमा बस्दै आएको थियो ।

वर्षात्को समयमा बाढीको उच्च जोखिम रहेको यस क्षेत्रमा भवन निर्माण भएपछि सेवा प्रवाहमा सहज हुने छ । त्यसैगरी शनिबारमात्रै बेलौरीको खड्डाकंकडमा रहेको बिओपी भवनको मन्त्री सार्कीले उद्घाटन गरेका थिए । *रासस*


**MAURITIUS मा रोजगार** — कम्पनी : D.L.B CONSTRUCTION & CO. LTD.

पूर्व स्वीकृति मिति : २०८१/०८/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१६ | LT. No. 314471 | चलानी नं. ६०२२८९२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | carpenter | 18 | 0 | 16500 | ५०,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | mason (Nepal) | 6 | 0 | 16500 | ५०,८२० | | | | | | | |
| 3 | Tiler | 35 | 0 | 16500 | ५०,८२० | | | | | | | |
| 4 | Steel fixture | 31 | 0 | 16500 | ५०,८२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २४ गते (9th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | १०,००० | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.**
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067



**युएईमा रोजगार** — कम्पनी : S.J. ABED GENERAL ENTERPRISES LTD

पूर्व स्वीकृति मिति : २०८१/१२/३१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१६ | LT. No. 321989 | चलानी नं. ६०२३६०७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 13 | 0 | 1000 | ३७,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter | 86 | 0 | 1200 | ४५,०१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २४ गते (9th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | १०,००० | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MANPOWER AGENCY NEPAL PVT.LTD.**
Govt. License 1618/079/80
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 014493648, Mobile: 9851068111


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७०/०४/१७ मा दर्ता भएको प्रा.लि.नं.११४६९० को **सागर एग्रिकल्चर एण्ड डेभलमेण्ट प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०५/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय, भोजपुर**
**कोशी प्रदेश, नेपाल**

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशित मिति: २०८२।०५।१७**

यस कार्यालयबाट मिति २०८२।०३।३२ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र (Single Stage Two Envelope) आह्वान सम्बन्धी सूचना अनुसार निर्धारित समय भित्र PPMO को e-Procurement Portal मार्फत पेश हुन आएका बोलपत्रहरूको प्राबिधिक प्रस्तावको मूल्यांकन गर्दा तपसिल बमोजिमका बोलपत्रदाताहरूले पेश गरेको बोलपत्र प्राविधिक प्रस्तावमा योग्य देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन समेत) को नियम ३१(ज) को उपनियम (५) बमोजिम मिति २०८२।०५।२४ गते दिनको ११:०० बजे यस कार्यालयमा आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.न. | ठेक्का नं. | आयोजनाको नाम | प्राबिधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरूको नाम |
|---|---|---|---|
| 1 | IDO/BHO/W/NCB-47/081/82. | Construction of Yaiselu River MotorableBridge, bhojpur | 1. Bhagawati Nirman Sewa (P) Ltd., Kaverepalanchwok<br>2. Krijal Construction Company-D.B. Constructions and Suppliers JV, Badimalika-8, Bajura<br>3. Mallarani Construction Pvt. Ltd.- Sajib Nirman Sewa Pvt. Ltd-Tara Nirman Sewa JV, Khotang<br>4. Prativa Construction-Key West Construction & Suppliers Pvt.Ltd.- Baju Builders Pvt. Ltd. JV, KTM-10,New Baneshwor<br>5. R.S Nirman sewa - B.K.S.K Construction & Suppliers Pvt.Ltd JV, Kathmandu<br>6. Raut Construction/Golmadevi Engineering and Construction Pvt.Ltd JV, Triyuga municipality-3, Udayapur<br>7. UD Builders Company Pvt.Ltd./ Light Builders Private Limited JV, Bhojpur |
| 2 | IDO/BHO/W/NCB-48/081/82. | Construction of Thumlung Khola Motorable Bridge. Bhojpur | 1. UD Builders Company Pvt.Ltd, Bhojpur<br>2. Prema Construction and Suppliers Pvt.Ltd, Urlabari<br>3. Raut Construction/Golmadevi Engineering and Construction Pvt.Ltd JV, Triyuga municipality-3, Udayapur<br>4. RK Construction, Solududhakunda<br>5. Kosheli Nirman Sewa- Naulakha Construction and Suppliers- Jaya Govinda Nirman Sewa JV, Bhojpur |

**कार्यालय प्रमुख**

## अप्पर स्याङ्गे हाईड्रोपावर लिमिटेड
**Upper Syange Hydropower Limited**
का.म.न.पा.चन्डोल–४, काठमाडौं, नेपाल, फोन : ०१–४५४२८६०
इमेल : upper.syange@gmail.com, वेभसाइटः www.uppersyange.com

### नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०५/१७**

यस कम्पनीको मिति २०८२/०५/११ गतेका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको नवौं वार्षिक साधारण सभा निम्न मिति, समय तथा स्थानमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुदाँ सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितीको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, स्थान र समयः**

**मिति** : २०८२ साल आश्विन ०९ गते (तद्अनुसार २५, सेप्टेम्बर २०२५) बिहिबार ।
**स्थान** : कुण्डलिनी दरबार बैङ्क्वेट, चप्पल कारखाना चोक, काठमाण्डौं ।
**समय** : बिहान १०:०० बजे ।

**क) साधारण प्रस्तावहरू**

१. संचालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण सम्बन्धी छलफल गरी स्वीकृत गर्ने ।
३. लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व.२०८२/०८३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको परिश्रमिक निर्धारण गर्ने ।
४. संस्थापक शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्नु हुने ४ जना संचालकहरूको लागि निर्वाचन गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्तावहरू**

१. कम्पनीको अधिकृत, जारी तथा चुक्ता पूँजीमा बृद्धि गरी, सोही बमोजिम प्रबन्धप्रत्र संशोधन गर्ने सम्बन्धमा ।
२. कम्पनीको चुक्ता पूँजीको १:१ (एक शेयर बराबर एक शेयर) अनुपातमा हकप्रद शेयर जारी गर्ने बारे ।
३. हकप्रद शेयर निष्काशानबाट प्राप्त हुने रकमको उपयोग गर्ने बारे ।
४. आ.व. २०८१/०८२ मा विभिन्न संस्था तथा ब्यक्तिहरूलाई दिइएको आर्थिक सहयोग रकम अनुमोदन गर्ने ।
५. प्रबन्धपत्र र नियमवली समसामयीक संशोधन/थप गर्ने ।
६. प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतीको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्ने निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालकलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।
७. कम्पनी गाभ्ने सम्बन्धमा ।

(ग) **विविध ।**

**साधारण सभा सम्बन्धी जानकारीहरू**

१. वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिला खारेजीको कार्य भदौ २३, २०८२ एक दिन मात्र बन्द रहने छ । शेयरधनी पुस्तीका बन्द भएको अघिल्लो दिन मिति भदौ २२, २०८२ सम्म कायम रहेका शेयरधनीहरु वार्षिक साधारण सभामा भाग लिनका लागि योग्य हुनेछन् ।
२. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनीले आश्विन ०७, २०८२ गते कार्यालय समय भित्र उक्त प्रोक्सी यस कम्पनीको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।
३. साधारण सभामा आफ्नो जिज्ञसा राख्न चाहनु हुने शेयरधनीहरूले आफ्नो जिज्ञासा साधारण सभा हुने २ दिन अघि नै इमेल upper.syange@gmail.com मार्फत पठाउनु पर्नेछ ।
४. शेयरधनीहरूले ब्यक्त गरेको मन्तव्य वा प्रश्नहरूको सम्बन्धमा सभाका अध्यक्ष आफैले वा सभाका अध्यक्षबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रूपले उत्तर दिइनेछ ।
५. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले सभमा भाग लिन आँउदा आफ्नो परिचय खुल्ने नेपाल सरकारबाट जारी भएको फोटो सहितको प्रमाणपत्र नागरिकता अथवा राष्ट्रिय परिचय पत्र आदि र शेयरधनीको प्रमाण (शेयर अभौतिकरण भएका शेयरधनीहरूको हकमा हितग्राही खाताको विवरण र शेयर अभौतिकरण नभएको शेयरधनीका हकमा शेयर आवेदन फारमको अर्धकट्टी) प्रस्तुत गरेपछि मात्र सभा स्थाल भित्र प्रवेश गर्न दिईनेछ ।
६. नाबालिक शेयरधनीहरूको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । शेयरधनीहरूको दर्ता किताबमा संरक्षकको रूपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछन ।
७. साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्ने छ । शेयरधनी महानुभावहरूको सुविधाको लागि हाजिरी पुस्तिका साधारण सभा हुने दिन विहान ९:०० बजेदेखि साधारण सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ ।
८. कम्पनी ऐन २०६३ को दफा अनुसारको संक्षिप्त वार्षिक आार्थिक विवरण, संचालक समितिको प्रतिवेदन, लेखा परिक्षकको प्रतिवेदन शेयरधनीहरूले निरिक्षण वा प्राप्त गर्न चाहनु भएमा यस कम्पनीको रजिर्ष्टड कार्यालय काठमाडौं महानगरपालिका वडा नं. ४, चण्डोल तथा यस कम्पनी शेयर रजिष्ट्रार माछापुच्छ्रे क्यापिटल लिमिटेड, बागदरबार काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध छ ।
९. विविध ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

प्रभाव दैनिक

रूपशाला

## रियाको 'कोशेली मलाई त केरा चाहिन्छ' सार्वजनिक

गायिका तथा मोडल रिया खत्रीको नयाँ म्युजिक भिडियोसहितको गीत 'कोशेली मलाई त केरा चाहिन्छ' सार्वजनिक भएको छ । गीतमा रिया खत्री र कलाकार विश्वास नेपालको स्वर रहेको छ भने शब्द राजेश नेपाल बबिन र सङ्गीत विश्वास नेपालले दिएका हुन् । भिडियोको निर्देशन चर्चित निर्देशक प्रकाश भट्टले गरेका हुन् । भिडियोमा गायिका रिया खत्री र मोडल लोमस शर्माले अभिनय गरेका छन् । निर्देशक भट्ट र गायक नेपालले भिडियो आशालाग्दो बनेको प्रतिक्रिया दिएका छन् ।



मंगलबार, १७ भदौ २०८२ (Tuesday, 02 September 2025)

# समृद्धिका लागि कला, साहित्य संस्कृतिको विकास हुनुपर्छः राष्ट्रपति

■ प्रभाव संवाददाता



**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले मुलुकको समृद्धिका लागि कला, साहित्य, संगीत र संस्कृति अर्थात् प्राज्ञिक क्षेत्रको विकास पनि उत्तिकै अपरिहार्य रहेको बताएका छन् । नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित राष्ट्रिय कविता महोत्सव, २०८२ का विजयी कविलाई पुरस्कार वितरण गर्दै उनले भौतिक विकासले मात्र मुलुकको समृद्धि नहुने भएकाले प्राज्ञिक क्षेत्रको पनि विकास गरिनुपर्नेमा जोड दिएका हुन् ।

राष्ट्रपति पौडेलले नेपाल विभिन्न भाषा, जाति र अनेकौं संस्कृतिको साझा थलो भएकाले यसको गरिमालाई जोगाउन सबैले भूमिका खेल्नुपर्ने बताए । उनले प्राज्ञिक क्षेत्रमार्फत नेपालको पहिचानलाई विश्वमाझ चिनाउन प्रतिष्ठानको भूमिका अझ महत्वपूर्ण हुने धारणा राखे ।

'संसारको सर्वोच्च शिखर सगरमाथालगायत उच्च हिमशृङ्खलाले सुशोभित, शान्तिका अग्रदूत गौतम बुद्धको जन्मभूमि र कहिल्यै पराधीन नभएको स्वाधीन र स्वतन्त्र देश नेपाललाई विश्वसामु चिनाउने काममा प्रतिष्ठानको महत्वपूर्ण भूमिका रहन्छ', उनले भने,'नेपाली जनताको लामो त्याग र संघर्षबाट प्राप्त उपलब्धिलाई प्राज्ञिक रूपमा स्थापित गर्ने दायित्व पनि प्रतिष्ठानको हो । त्यसैले प्रतिष्ठानले आफ्नो दायित्व कुशलतापूर्वक बहन गर्न सक्षम र सफल हुने विश्वास लिएको छु ।'

राष्ट्रपति पौडेलले भाषा, साहित्य भनेको देशको ढुकढुकी, पहिचान र आत्मा हो भने । 'साहित्य भाषाको कलात्मक अभिव्यक्ति हो । साहित्य र समाज एक अर्काका पूरक हुन् । साहित्य ज्ञान, संस्कार, संस्कृति र जीवन हो । यसले दिने शिक्षा, सन्देश, चेतना, विचार र विवेचना अपरिमित छ । त्यसैले हरेक मानिसको जीवनमा भाषा, साहित्य, संस्कृति, दर्शन अत्यावश्यक छ', उनको भनाइ थियो ।

राष्ट्रपति पौडेलले अनुपम भौगोलिक विविधतासहित विभिन्न जातजाति, भाषा, संस्कृति, परम्परा रहेको नेपाल जस्तो देशको शान र पहिचान भनेकै हाम्रा भाषा, साहित्य, संस्कृति नै भएको बताए । उनले भने, 'यसको संरक्षण, संवर्धन र विकासमा जुट्नु हाम्रो साझा दायित्व हो । सरकारले पनि प्राज्ञिक कर्ममा क्रियाशील प्रतिभाको कदर र सम्मान गरी इतिहास निर्माणमा योगदान दिने भाषा, साहित्य क्षेत्रको विकासलाई सधैं प्राथमिकता दिनुपर्दछ ।'

राष्ट्रपति पौडेलले राष्ट्रिय कविता महोत्सव, २०८२मा उत्कृष्ट दशभित्र पर्न सबै कविलाई सम्मानपत्र तथा पुरस्कार वितरण गर्दै बधाई तथा सृजना यात्राको उत्तरोत्तर प्रगतिको कामना गरे । पुरस्कार पाउनेमा अविनाश भट्टराई, कर्ण सञ्जय, किशन पौडेल, गोमा श्रेष्ठ, चन्द्रमणि चापागाइँ, तुलसी केसी, रमा सुवेदी 'मिरमा', शमुएल कोइराला विश्वकर्मा, सन्ध्या महर्जन र सिर्जन अविरल छन् ।

कार्यक्रममा प्रतिष्ठानका कुलपति भूपाल राईले प्रतिष्ठानमा प्राज्ञ समूह आएपछि मुगुको रारामा बैठक गरी रारा घोषणापत्रमार्फत् 'सबै भाषा, सबै ज्ञान, सबैको प्रज्ञा प्रतिष्ठान' भन्ने मूल मन्त्रका आधारमा काम गरिरहेको जानकारी दिए । प्रतिष्ठानका सदस्य सचिव डा धनप्रसाद सुवेदीले तीन वर्षदेखि कविता महोत्सवमा सबै भाषाका कविता प्रस्तुत गराई मूल्यांकन गर्ने व्यवस्था मिलाइएको बताए । प्राज्ञ सदस्य बाबा बस्नेतले विसं २०२२ देखि कविता महोत्सव सुरु गरिएको जानकारी दिए । कार्यक्रममा पुरस्कृत कविमध्येबाट कर्ण सञ्जयले मैथिली भाषा, तुलसी केसीले नेपाली र सन्ध्या महर्जजनले नेपाल भाषाको कविता वाचन गरेका थिए ।

रंगशाला

### नेपाल 'ए'-आसाम टी-२० क्रिकेट

# नेपाल 'ए'लाई अभ्यास शृंखला



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल 'ए'ले घरेलु टोली आसाम प्रदेश क्रिकेट संघविरुद्धको अभ्यास ट्वान्टी-२० शृंखला आफ्नो पक्षमा पारेको छ । गुवाहटीमा सोमबार सम्पन्न पाँचौं तथा अन्तिम नेपाल ४४ रनले विजयी भयो । जितसँगै नेपाल पाँच खेलको शृंखलामा ३-२ ले अगाडि रह्यो ।

नेपाल 'ए' ले प्रस्तुत गरेको २०९ रनको विशाल लक्ष्य पछ्याएको आसामले २० ओभर नै ब्याटिङ गरे पनि ९ विकेट गुमाएर १६४ रन मात्र बनाउन सक्यो ।

आसामका लागि भार्गव लहकरले सर्वाधिक अविजित २९, साहिल जैन र कप्तान सुमित घडिअन्करले समान २५ तथा सौरभ दिहिगाले १७ रन बनाए ।

नेपालका लागि शेर मल्ल, आकाश चन्द र पवन सर्राफले समान तथा बसिर अहमदले एक विकेट लिए ।

त्यसअघि टस जितेर ब्याटिङ रोजेकोको नेपालले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै २०८ रनको योगफल तयार पारेको थियो ।

नेपालका लागि सन्दीप जोराले ३९ बलमा पाँच छक्का र दुई चौकाको मद्दतले सर्वाधिक ६४ रन बनाए । यसैगरी शुभ कंसाकारले ४१ तथा इशान पाण्डेले ३२ रन जोडे ।

आसामका आयुष्मान मलाकार र अभिनव चौधरीले समान दुई विकेट लिए ।

यसअघि पहिलो खेलमा आसामले नेपाललाई १५ रनले पराजित गरेको थियो भने दोस्रो र तेस्रो खेलमा नेपाल लगातार ९६ र ९ रनले विजयी भएको थियो । त्यसपछि चौथो खेलमा आसामले सिरिजमा सम्भावनान कायम गर्दै १८ रनको जित निकाले पनि निर्णायक मानिएको अन्तिम खेलमा नेपालले शानदार ब्याटिङ गरेपछि आसामले सिरिज गुमाएको थियो ।

### अन्तरविद्यालय बास्केटबलः

# बागमती र एन्जल लर्ड च्याम्पियन

**काठमाडौं (प्रस)–** एन्जल लर्ड एकेडेमी र बागमती बोर्डिङ स्कुलले दोश्रो टाइमलाइन अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन् ।

नयाँबस्तीस्थित आयोजक टाइमलाइन स्कुलको कोर्टमा सोमबार सम्पन्न प्रतियोगितामा एन्जल लर्डले ब्वाइज तथा बागमतीले गर्ल्सको उपाधि जिते ।

ब्वाइजको फाइनलमा एन्जल लर्डले नेमोनिक मोर्डन एकेडेमीलाई ४९-४२ ले पराजित गऱ्यो । एन्जल लर्डको जितमा अभय गुरुङले २२ अंक योगदान गरे ।

स्मृति पोखरेलको १६ अंक सहयोगमा गर्ल्सको उपाधि भिडन्तमा बागमतीले पनि नेमोनिकलाई ३७-२५ ले हरायो ।

ब्वाइजमा एन्जल लर्डका समिर मगर र गर्ल्समा बागमतीकी स्मृति पोखरेल 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए । ब्वाइजमा नेमोनिकका विपेश थिङ र गर्ल्समा नेमोनिककी वर्षा खड्का उत्कृष्ट 'थ्री प्वाइन्टर' चुनिए ।

यस्तै ब्वाइजमा रेनिस लामा र गर्ल्समा अस्मिता थापा सर्वाधिक स्कोरकर्ता बने । दुवै नेमोनिका हुन् । ब्वाइजमा



मार्वलस र गर्ल्समा काठमाडौं जेभियर्स पब्लिक स्कुल अनुशासित टिम ठहरिए । ब्वाइजमा आकाश दीप तथा गर्ल्समा विन्सम 'इमर्जिङ टिम' बने ।

विजेतालाई गोकर्णेश्वर नगरपालिका मेयर दीपककुमार रिसाल, आयोजक टाइमलाइनका प्रिसिन्सपल रामप्रसाद बडाललगायतले पुरस्कार वितरण गरे । भदौ ५ गतेदेखि सुरु भएको प्रतियोगिताको ब्वाइजमा २४ तथा गर्ल्समा १६ टिमले प्रतिस्पर्धा गरेका थिए ।

# नेपाल र बंगलादेशबीच मैत्रीपूर्ण फुटबल खेल हुने

**काठमाडौं (प्रस)–** अखिल नेपाल फुटबल संघ (एन्फा) को आयोजनामा नेपाली राष्ट्रिय फुटबल टोली र बंगलादेशको राष्ट्रिय पुरुष फुटबल टोलीबीच मैत्रीपूर्ण खेल हुने भएको छ ।

यही भदौ २१ र २४ गते हुने दुई मैत्रीपूर्ण फुटबल खेल त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुने यहाँ आयोजित पत्रकार सम्मेलनमा एन्फाका प्रवक्ता सुरेश शाहले जानकारी दिए । उनका अनुसार बंगलादेशको राष्ट्रिय फुटबल टोली यही भदौ १८ गते नेपाल आइपुग्नेछ ।

बंगलादेशी टोलीलाई अभ्यासका लागि भद्रकालीस्थित नेपाली सेनाको खेल मैदान र ललितपुरको च्यासलस्थित च्यासल रंगशालाको मैदानको व्यवस्था गरिएको एन्फाले जनाएको छ ।

उक्त खेलका लागि भिआइपी प्याराफिटतर्फ रु एक हजार र साधारण प्याराफिटर्फ रु पाँच सय टिकट दर निर्धारण गरिएको छ । खेलको टिकट यसपटक एन्फा आँफैंले बेच्ने भएको छ ।


## साउदीमा रोजगार
कम्पनी : NAQI AL JAMAL TRADING ESTABLISHMENT
पूर्व स्वीकृति मिति : २०८२/०४/२९ LT. No.329228 चलानी नं. ६०२४३०५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Workers | 6 | 0 | 1000 | ३७,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २४ गते (9th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 280/058/059
Cosmo International Overseas Pvt. Ltd. (Overseas Employment Consultants)
Minbhawan, Kathmandu, Nepal, Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn



## कतारमा रोजगार
कम्पनी : MELAKA CLEANING & HOSPITALITY
पूर्व स्वीकृति मिति : २०८०/०९/२० पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१५ LT. No. 297653 चलानी नं. ६०२१२६२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | waiter | 0 | 1 | 1400 | ५४,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २३ गते (8th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 297653 मिति: २०८२/०५/१६ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

LIC 537/061/62
ABC PLACEMENTS PVT. LTD
Gaushala-9, Kathmandu, Nepal, Tel : 977-1-4582340,
Email : infoabcplacement@gmail.com, info@abcplacement.com, Website: www.abcplacement.com



## मलेसिया/कतार/बहराइनमा रोजगार
कम्पनी : SILENT GUARDIAN SDN BHD
पूर्व स्वीकृति मिति : २०८२/०१/२९ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१६ LT. No. 323408 चलानी नं. ६०२३७६२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 30 | 0 | 1700 | ५६,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ALALAM AL JADEED COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०४/२७ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१६ LT. No. 329003 चलानी नं. ६०२४२८११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Clean Worker | 5 | 5 | 1100 | ४२,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Sales Persons | 8 | 14 | 1300 | ५०,२३५ | | | | | | | |
| 3 | Store Keepers | 2 | 0 | 1900 | ७३,४२० | | | | | | | |
| 4 | Supervisor | 2 | 0 | 3000 | ११६,००० | | | | | | | |

कम्पनी : ANSAR GALLERY
पूर्व स्वीकृति मिति : २०८१/१२/२६ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१६ LT. No. 321651 चलानी नं. ६०२३५८०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव BD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 7 | 5 | 150 | ५५,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 12 | 8 | 110 | ४१,०४५ | | | | | | | |
| 3 | Sales-Man | 15 | 2 | 140 | ५२,२४० | | | | | | | |
| 4 | Security Guards | 8 | 3 | 140 | ५२,२४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २४ गते (9th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 290/059/60
NEPAL PLACEMENT AGENCY PVT. LTD.
Shuberna Shamsher Marg, Ward No. 4, Baluwatar, Kathmandu, Nepal, Tel: +977-1-4531239, 4532999
KTM: 9851002903, Email : info@npajobs.com, Web : www.npajobs.com



## साउदीमा रोजगार
कम्पनी : Al Mashreqeen Services for General Contracting Est
पूर्व स्वीकृति मिति : २०८१/१२/२८ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१६ LT. No. 321829 चलानी नं. ६०२३५९६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Drivers | 10 | 0 | 1800 | ६७,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २४ गते (9th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम इजाजत नं. ८३३/०६६/०६७



## साउदीमा रोजगार
कम्पनी : SHIBA AL QAARAH CONTRACTING EST
पूर्व स्वीकृति मिति : २०८२/०५/११ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१६ LT. No. 330003 चलानी नं.६०२४४१९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 3 | 0 | 1800 | ६७,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BAREZ AL JANUB COMPANY FOR OPERATION & MAINTENANCE
पूर्व स्वीकृति मिति : २०८१/०५/१८ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१६ LT. No. 309986 चलानी नं.६०२२४६८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Hospital-Indoor) | 50 | 0 | 1000 | ३७,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDULRAHMAN AJAB AL OTAIBI COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०२/०२ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/१६ LT. No. 323968 चलानी नं.६०२३८००३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 6 | 0 | 1400 | ५२,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Loading & unloading workers | 2 | 0 | 1000 | ३७,४९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २४ गते (9th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FAST EMPLOYMENT SERVICE (P) LTD
Kunpondole, In front of Hotel Himalaya, Lalitpur, Tel. No: +977-5180421/ 5180431
E-mail : fastemployment1399@gmail.com, Web: www.fastemployment.com.np
Govt. License 1399/074/75



## युएइमा रोजगार
कम्पनी : AL NAQSHA CARPENTRY AND PLASTER WORKS L.L.C
पूर्व स्वीकृति मिति : २०८२/०५/१३ LT. No. 330238 चलानी नं.६०२४४०७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 5 | 0 | 1500 | ५७,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Labouers | 4 | 0 | 1000 | ३८,४०५ | | | | | | | |
| 3 | Painter | 1 | 0 | 1500 | ५७,६१० | | | | | | | |
| 4 | Plumber Assistant | 2 | 0 | 1500 | ५७,६१० | | | | | | | |
| 5 | Scaffolder | 2 | 0 | 1500 | ५७,६१० | | | | | | | |
| 6 | Steel Fixer | 1 | 0 | 1500 | ५७,६१० | | | | | | | |
| 7 | STONE MASON | 3 | 0 | 1500 | ५७,६१० | | | | | | | |
| 8 | TILE LAYER | 1 | 0 | 1500 | ५७,६१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २२ गते (7th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1657/080/81
AL ZAHRA HUMAN RESOURCES CONSULTANCY PRIVATE LIMITED
New Baneshwor-10, Thapagaun, Kathmandu, Landline No : 01-4586367, 4586366,
Mob: 9810003423/970-4414954, E-mail : alzahranepal@gmail.com, URL : www.alzahrahr.com



## युएइमा रोजगार
कम्पनी : NATIONAL PROJECTS SERVICES - L.L.C -S.P.C
पूर्व स्वीकृति मिति : २०८१/१०/२० LT. No. 330367 चलानी नं. ६०२४४१८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 50 | 0 | 1400 | ५३,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2 | Mason | 50 | 0 | 1900 | ७२,७८५ | | | | | | |
| 3 | Steel Fixer | 50 | 0 | 1900 | ७२,७८५ | | | | | | |
| 4 | Carpenter | 50 | 0 | 1900 | ७२,७८५ | | | | | | |

कम्पनी : JOINTECH FIRSTAIR CONDITIONERS MAINTENANCE
पूर्व स्वीकृति मिति : २०८२/०५/१६ LT. No. 330366 चलानी नं. ६०२४४१८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1500 | ५७,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 3 | 0 | 1500 | ५७,६४० | | | | | | | |
| 3 | Helper | 4 | 0 | 1500 | ५७,६४० | | | | | | | |
| 4 | Plumber | 3 | 0 | 1500 | ५७,६४० | | | | | | | |
| 5 | Steel Fixer | 2 | 0 | 1500 | ५७,६४० | | | | | | | |
| 6 | Tile Masons | 3 | 0 | 1500 | ५७,६४० | | | | | | | |
| 7 | Welder | 2 | 0 | 1500 | ५७,६४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २४ गते (9th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YOUNG MANPOWER PVT.LTD.
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np/
Govt. License No. 1047/073/74

भारतीय प्रधानमन्त्री मोदीले भने-

# भारत–रुस सधैँ काँधमा काँध मिलाएर उभिएका छन्

**तियानजिन (चीन)–** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारत र रुसबीचको मजबुत सम्बन्धलाई जोड दिँदै कठिन परिस्थितिमा पनि दुवै देश काँधमा काँध मिलाएर उभिएको बताएका छन् ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँगको द्विपक्षीय भेटमा प्रधानमन्त्री मोदीले नयाँदिल्ली र मस्कोबीचको सहकार्य विश्वव्यापी शान्ति, स्थिरता र समृद्धिका लागि महत्त्वपूर्ण रहेको बताए । उनले भने, 'सबैभन्दा कठिन परिस्थितिमा पनि भारत र रुस सधैँ काँधमा काँध मिलाएर उभिएका छन् । हाम्रो घनिष्ठ सहयोग दुवै देशका जनताका लागिमात्र नभई विश्वव्यापी शान्ति, स्थिरता र समृद्धिका लागि पनि महत्त्वपूर्ण छ ।'

अमेरिकाले भारतीय सामानमा ५० प्रतिशत कर लगाउनुका साथै मस्कोबाट छुटमा कच्चा तेल खरिद गर्दा २५ प्रतिशत जरिवाना पनि तोकेको बेला यो भेटवार्ता भएको छ । युक्रेन युद्धबारे बोल्दै प्रधानमन्त्री मोदीले शान्ति प्रयासलाई स्वागत गर्दै सबै पक्षहरूले रचनात्मकरूपमा अघि बढ्ने र द्वन्द्व अन्त्य गर्ने बाटो खोज्ने अपेक्षा व्यक्त गरे ।

प्रधानमन्त्री मोदीले भने, 'हामीले युक्रेनमा चलिरहेको द्वन्द्वबारे निरन्तर छलफल गर्दै आएका छौं । शान्तिका लागि हालै गरिएका सबै प्रयासलाई हामी स्वागत गर्दछौं । सबै पक्षहरू रचनात्मकरूपमा अगाडि बढ्ने छन् भन्ने हामी आशा गर्दछौं । द्वन्द्वलाई सकेसम्म चाँडै अन्त्य गरी स्थायी शान्ति स्थापना गर्नुपर्छ । यो सम्पूर्ण मानवताको आह्वान हो ।'

भारत-रुसको सम्बन्धलाई झन् नजिक बनाउने क्रममा उनले भने, 'मलाई सधैँ लाग्छ कि तपाईंलाई भेट्नु अविष्मरणीय अनुभव हो । हामीले धेरै विषयमा जानकारी आदानप्रदान गर्ने अवसर पाएका छौं । हामी निरन्तर सम्पर्कमा रहँदै आएका छौं र दुई पक्षबीच नियमितरूपमा धेरै उच्चस्तरीय बैठकहरू भएका छन् ।'

प्रधानमन्त्री मोदीले भारतीय जनता यस वर्ष डिसेम्बरमा हुने रूसी राष्ट्रपति पुटिनको नयाँदिल्ली भ्रमणको प्रतीक्षामा रहेको बताए । उनले भने, 'यस वर्ष डिसेम्बरमा हुने हाम्रो २३औं शिखर सम्मेलनका लागि एक अर्ब ४० करोड भारतीयहरू तपाईंको प्रतीक्षामा छन् । यसले विशेष र विशेषाधिकार प्राप्त साझेदारीको गहिराइ र विस्तारलाई झल्काउँछ ।'

युक्रेन युद्धको प्रसंगमा राष्ट्रपति पुटिनले भारत र चीनले शान्तिपूर्ण समाधानका लागि गरेको प्रयासको प्रशंसा गरे । उनले युक्रेनका पश्चिमी सहयोगीहरूलाई आलोचना गर्दै किएभमा भएको 'कू' लाई समर्थन गरेको दाबी गर्दै यसले अन्ततः युक्रेन संकट उत्पन्न गरेको बताए । पुटिनले भने, 'युक्रेनमा संकट आक्रमणको परिणाम होइन, बरु युक्रेनका पश्चिमी सहयोगीहरूको समर्थनमा किएभमा भएको कूको परिणाम हो ।'

यसैबीच चिनियाँ राष्ट्रपति सी चिनफिङले एससिओका राष्ट्र प्रमुखहरूको काउन्सिलको २५औं बैठकलाई सम्बोधन गर्दै निष्पक्षता र न्याय कायम राख्न संघाई सहयोग संगठन (एससिओ) लाई आह्वान गरे । सीले भने, 'हामीले दोस्रो विश्वयुद्धको सही ऐतिहासिक परिप्रेक्ष्यलाई बढावा दिनुपर्छ । शीतयुद्ध मानसिकताको विरोध गर्नुपर्छ, साथै टकराव र बदमाशी अभ्यासहरूलाई रोक्नुपर्छ ।'

एससिओ शिखर सम्मेलन २०२५ ले विश्वव्यापी शासनमा बहुध्रुवीयताको बढ्दो महत्त्वलाई प्रतिविम्बित गरेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको लेनदेनमुखी नीतिले उनका धेरै सहयोगीलाई अलग पारेको सन्दर्भमा यो शिखर सम्मेलन विशेष महत्त्वपूर्ण देखिएको छ । *रासस/एएनआई*

# अफगानिस्तानमा भूकम्प ८०० भन्दा बढीको मृत्यु

**जलालाबाद (अफगानिस्तान)–** अफगानिस्तानमा सोमबार राति गएको शक्तिशाली भूकम्पपछि घरहरू भत्किएपछि ठूलो उद्धार अभियान सुरु भएको छ । यस विपत्तिमा ८०० भन्दा बढी मानिसको मृत्यु भएको गृह मन्त्रालयले पुष्टि गरेको छ ।

मध्यरातअघि आएको भूकम्पले काबुलदेखि पाकिस्तानको राजधानी इस्लामाबादसम्म भवनहरू हल्लाएको थियो । देशको पूर्वी भागमा केन्द्रित भूकम्पले ठूलो क्षति पुऱ्याएको छ । 'कुनार प्रान्तमा ६१० जनाको मृत्यु भएको छ र एक हजार ३०० जना घाइते भएका छन् । धेरै घरहरू भत्किएका छन्,' गृह मन्त्रालयका प्रवक्ता अब्दुल मतीन कानीले भने ।

उनका अनुसार नंगरहार प्रान्तमा १२ जनाको मृत्यु भएको र २५५ जना घाइते भएका छन् । तालिबान अधिकारीहरू र संयुक्त राष्ट्रसंघले प्रभावित क्षेत्रमा उद्धार टोली परिचालन गरेका छन् ।

'अफगानिस्तानमा पूर्वी क्षेत्रमा आएको विनासकारी भूकम्पले सयौं मानिसको ज्यान गएको खबरले हामी गहिरो दुःखमा छौं,' संयुक्त राष्ट्रसंघले एक्समा जनाएको छ । राष्ट्रसंघका अनुसार टोलीहरूले प्रभावित क्षेत्रमा आपत्कालीन सहयोग र जीवनरक्षक सहायता पुऱ्याइरहेका छन् ।

अमेरिकी भूगर्भीय सर्वेक्षण (युएसजिएस) का अनुसार भूकम्पको केन्द्रबिन्दु नंगरहार प्रान्तको जलालाबाद सहरबाट २७ किलोमिटर टाढा आठ किलोमिटर गहिराइमा थियो । सामान्यतया सतह नजिकैको केन्द्र भएको भूकम्पले गहिरो भूकम्पभन्दा बढी क्षति पुऱ्याउँछ ।

## बारम्बार भूकम्प

आइतबार राति ११:३० बजे (स्थानीय समय ४:०० बिहान) पछि ५.२ म्याग्निच्युडको अर्को शक्तिशाली भूकम्पसहित कयौं परकम्प अनुभव गरिएको थियो । विशेषगरी युरेसियन र भारतीय टेक्टोनिक प्लेटहरूको संगम क्षेत्रमा पर्ने हिन्दूकुश पर्वत शृंखलामा रहेको अफगानिस्तान बारम्बार भूकम्प प्रभावित क्षेत्र हो ।

यसअघि, शुक्रबारदेखि शनिबारसम्मको बाढीले नंगरहार प्रान्त प्रभावित भएको थियो । सो बाढीमा पाँच जनाको मृत्यु भएको र बाली तथा सम्पत्तिमा ठूलो क्षति पुगेको प्रान्तीय अधिकारीहरूले बताएका थिए । सन् २०२२ जुनमा पूर्वी सीमावर्ती प्रान्त पक्तिकामा ५.९ म्याग्निच्युडको भूकम्प जाँदा एक हजारभन्दा बढी मानिसको मृत्यु भएको थियो र दशौं हजार परिवार विस्थापित भएका थिए ।

चार दशक लामो युद्धले जर्जर बनेको अफगानिस्तानले अहिले पनि मानवीय संकटको सामना गरिरहेको छ । तालिबानको पुनरागमनपछि विदेशी सहायता निकै घटेको छ, जसले प्रकोप सामना गर्ने देशको क्षमता अझ कमजोर बनाएको छ ।

सन् २०१५ मा पाकिस्तान र अफगानिस्तानमा गएको ७.५ म्याग्निच्युडको शक्तिशाली भूकम्पमा ३८० भन्दा बढीको मृत्यु भएको थियो । सोही विपत्तिमा, विद्यालय भवन हल्लिँदा भागदौडका क्रममा १२ जना अफगान किशोरी विद्यार्थी किचिएर मारिएका थिए । *रासस/एएफपी*


**भुम्लु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सल्ले, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल**

## आन्तरिक आय तर्फको बोलपत्र आह्वान सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः- २०८२।०५।१७ गते**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा (२) को खण्ड "घ" को उपखण्ड (६), दफा ६२, २(क) तथा ६५, २(ग) मा भएको व्यवस्था अनुसार ढुङ्गा, गिट्टी र वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार देहायको शीर्षकहरूमा राजस्व असुली सम्बन्धी काम आ.व. २०८२/०८३ को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेका योग्य फर्महरूले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र E–bid मार्फत यस कार्यालयमा पेश गर्नुहुन आह्वान गरिन्छ ।

**आन्तरिक आय ठेक्का बिवरणः**

| आय ठेक्का नं. | ठेक्काको बिवरण | आ.ब.२०८२।०८३ को लागि निर्धारण गरिएको संकलन तथा बिक्री परिमाण (घ.मी) | आ.ब. २०८२।८३ को लागि निर्धारण गरिएको ढुङ्गा, गिट्ठि तथा बालुवा न्यूनतम दररेट रु. (प्रति क्युबिक फिट) | न्यूनतम कबोल रकम रु. (मु.अ.कर बाहेक) | बोलपत्र दस्तुर रू. | धरौटि रकम |
|---|---|---|---|---|---|---|
| BRM/NCB/IR/ 07/082/083 | वडा नं. ६ आपघाट बगर | २६२८० | ७ | ६५००३५३ | ५०००/- | कुल कबोल अंकको ५% ले हुन आउने रकम बोलपत्र खोलेको दिनबाट १२० दिन म्याद भएको बैंक जमानत |
| BRM/NCB/IR/ 06/082/083 | वडा नं. ७ आम्थली र पाटी बगर | ३४५०० | ७ | ८५३३५६८ | ५००० | |

**ठेक्का सम्बन्धी शर्तहरूः**

१. माथि उल्लेखित ठेक्काको बोलपत्र भर्दा कूल कवोल रकम अंक र अक्षर दुवैमा खुलाउनु पर्नेछ । अंक र अक्षरमा स्पष्ट रूपमा नलेखिएमा उक्त बोलपत्र स्वतः रद्ध हुनेछ । उल्लेखित आय ठेक्कामा जुन कबोलकर्ताको अंक बढी हुन्छ सो कबोलकर्ताको बोलपत्र स्वीकृत गरिनेछ । अक्षर र अंकमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

२. ठेक्का सम्झौता भए पश्चात कुनै पनि किसिमको बन्द, हड्ताल, बाढी, पहिरो लगायतका कारण देखाई ठेक्का लिने पक्षले कुनै पनि किसिमको क्षति पूर्ति दावी गर्न पाईने छैन । IEE साथै प्रतिवेदनले तोकेको परिमाण भन्दा वढी तथा निषेध गरेको अवधि एवं तोकिएको नदी क्षेत्रबाट बाहेक सामाग्री उत्खनन् गर्न पाइने छैन ।

३. माथि उल्लेखित ठेक्काको कबोल अंकमा थप मूल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजस्व ठेक्का लिने फर्मले यस कार्यालयमा बुझाउनु पर्नेछ ।

४ धरौटी बापत कबोल गरेको अंकको (मू.अ.कर सहित) ५ प्रतिशत रकम यस कार्यालयको नबिल बैक लि., भुम्लु शाखा, सल्ले स्थित रहेको ग-३ धरौटी खाता नं. २१५०१०१७५०००२२ मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको "क" वर्गको बैंकबाट जमानत (बिड बण्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न गरी पेश गनुपर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गरिनेछैन । बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

५. बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको नबिल बैंक नेपाल लि. भुम्लु शाखा सल्लेमा रहेको ग-१.१ आन्तरिक राजश्व खाता नं. २१५०१०१७५०००४५ मा दाखिला गर्नुपर्नेछ ।

६. कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

८. ठेक्कामा कुनै विवाद भएमा भुम्लु गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

९. बोलपत्र फारम नियमानुसारको राजस्व रकम तिरी bolpatra.gov.np को वेभसाइट मार्फत डाउनलोड गरी पेश गर्न सकिनेछ ।

१०. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले प्रचलित नियमानुसार बोलपत्र खरिद गरी मिति २०८२।०६।२४ गते दिनको १२:०० बजे भित्र विद्युतीय माध्यमबाट पेश गर्नु पर्नेछ । साथै उक्त सूचना भुम्लु गाउँपालिकाको वेभ साइट www.bhumlumun.gov.np मा राखिएको छ र ठेक्काको बोलपत्र फाराम PPMO को वेभसाइट www.bolpatra.gov.np बाट E–bid मार्फत पेश गर्न सकिनेछ । प्राप्त बोलपत्रहरू सोही दिन दिनको १:०० वजे भुम्लु गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।

११. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायिक नवीकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र दस्तुर तिरेका भौचर, बैक ग्यारेण्टी वा धरौटी रकम जम्मा गरेको भौचर र आ.व. २०८०।०८१ को कर चुक्ता प्रमाणपत्र वा म्याद थप प्रमाणपत्र प्रतिलिपि संलग्न राखी पेश गर्नु पर्नेछ । बोलपत्रदाता व्यक्ति हुदाँ नागरिकताको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।

१२. बोलपत्रदाताले कबुल रकम EGP मा भरेर तथा कार्यालयबाट प्रमाणित फारम भरी सहिछाप गरी scan गरी Upload गर्नुपर्नेछ । साथै EGP र Scan फाइल फरक पर्न गएमा Upload गरिएको Scan फाइललाई मान्यता दिईने छ ।

१३. बोलपत्र फारामहरू दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोलिपल्ट दाखिला गर्ने, खोल्ने कार्य गरिनेछ ।

१४. यस सूचनामा उल्लेख भएका शर्तहरूका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरूका प्रत्येक बुँदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछन् ।

१५. बोलपत्र स्वीकृत भएपछि कुनै पनि मिनाहा छुट दिइने छैन । तोकिएको मितिमा सम्झौता गर्न नआएमा जमानत रकम जफत गरी नियमानुसार कारवाही गरिने छ ।

१६. कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिइनेछ ।

१७. यस कार्यालयमा पेश हुन आएका बोलपत्र बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न बाधा पर्ने छैन ।

१८. अन्य कुराहरू यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको सूचना र प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

१९. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरू पूरा नभएका बोलपत्रहरू मूल्यांकनमा समावेश गरिने छैन ।

**आय ठेक्का सम्बन्धी अन्य शर्तहरू**

१. ठेक्का सम्झौता गर्न आँउदा बोल कबोल रकमको पहिलो किस्ताको पहिलो ३५ प्रतिशत (भ्याट सहित) किस्तामा बुझाउनुपर्नेछ । बाँकी रकमको ६५ प्रतिशत (भ्याट सहित) कार्य सम्पादन जमानत नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकको मिति २०८२ साल असोज मसान्त सम्म म्याद भएको जमानत (परफरमेन्स बण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी पट्टा दिइनेछ ।

२. ठेक्का सम्झैता भएको मिति देखि २०८३ साल जेष्ठ मसान्त सम्म IEE मा तोकिए बमोजिको परिमाण उत्खनन् गर्न पाइनेछ । साथै विक्री वितरण असार मसान्त सम्मको लागि कायम रहने छ ।

३. आय रकमको भुक्तानी तालिका देहाय बमोजिम हुनेछ ।

| किस्ता | किस्ता बुझाउने मिति | रकम रु. | कैफियत |
|---|---|---|---|
| पहिलो | ठेक्का सम्झौता बखत | कबोल अंकको ३५ प्रतिशत हुन आउने रकम (मु.अ.कर सहित) | समय सिमा नाघी किस्ता बुझाउन आएमा बार्षिक १०% को दरले ब्याज जोडी दाखिला गर्नुपर्नेछ। |
| दोस्रो | २०८२ साल पौष मसान्त भित्र | कबोल अंकको ३५ प्रतिशत हुन आउने रकम (मु.अ.कर सहित) | |
| तेस्रो | २०८३ जेष्ठ मसान्त भित्र | कबोल अंकको ३० प्रतिशत हुन आउने रकम (मु.अ.कर सहित) | |

४. ठेक्का कबोल गर्ने ठेकेदारले भुम्लु गाउँपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने संकलन तथा विक्री तर्फका रसिदहरू ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरू यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

५. ठेकेदारले उठाउने ढुङ्गा, गिट्टी र बालुवा कर शुल्क गाउँपालिका क्षेत्र भित्रको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ । साथै उक्त बगर क्षेत्रमा जाने बाटो अवरूद्ध भएमा ठेकेदार स्वयमले बाटो मर्मत गरी संचालन गर्नु पर्नेछ र दररेट सहितको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ ।

६. भुम्लु गाउँपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिनेछैन ।

७. ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल, रोडा आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा बसी संकलन गर्न पाईने छैन ।

८. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । पहिलो, दोस्रो र तेस्रो किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा "क" वर्गको बैंकबाट जारी गरी पेश गरिएको कार्य सम्पादन जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सो मा ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउनेछैन ।

९. कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम छुट वा मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

१०. प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाको शर्त विपरीत कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

११. भुम्लु गाउँपालिका भित्रका ढुंगा, गिट्टी, वालुवा उत्खनन तथा संकलन गर्दा स्वीकृत भएकी IEE प्रतिवेदनले नक्सांकन गरेको क्षेत्रमा तोकिएको परिमाण मात्र उत्खनन गर्न पाईनेछ ।

१२. ढुंगा, गिट्टी, बालुवा, रोडा आदिको संकलन, उत्खनन तथा विक्रीका सम्बन्धमा प्रादेशिक अनुगमन समिति, जिल्ला अनुगमन तथा समन्वय समिति, स्थानीय अनुगमन समिति र गाउँपालिकाले दिएका सुझाव तथा निर्देशनहरू ठेक्का लिने पक्षले पूर्ण रूपले पालना गर्नुपर्नेछ ।

१३. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरूको हकमा यसै अनुसार हुने र उल्लेख नभएका अन्य कुराहरूको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

१४. ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ र IEE प्रतिवेदन मा भएको व्यवस्थालाई पूर्ण रूपमा पालना गर्नुपर्नेछ ।

१५. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - २०५३०० | प्रति तोला - ० | प्रति तोला - २४७० |

# सूचना प्रविधिको लाभ लिन 'फाइभ जी नेटवर्क' अनिवार्य



■ **प्रभाव संवाददाता**

**ललितपुर–** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सूचना प्रविधिबाट अधिकतम् लाभ लिन 'फाइभ जी नेटवर्क' कार्यान्वयन अतिआवश्यक रहेको बताएका छन् । त्यसका लागि नेपाल टेलिकमलाई फाइभजी नेटवर्कको व्यवस्थापन गर्न उनले निर्देशन दिएका छन् ।

ललितपुरमा नेपाल टेलिकमले आयोजना गरेको आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनसम्बन्धी अन्तर्क्रियामा मन्त्री गुरुङले जनताको घरदैलोमा फोरजी नेटर्वकको पहुँच विस्तार गर्न आग्रह गरे । उनले सरकारको डिजिटल फेर्मवर्क (डिएनएफ)को उद्देश्य पूरा गर्न, डिजिटल सुशासन विस्तार, जनताको सेवालाई छिटो र छरितो बनाउन, सुशासन कायम गर्न एनटिसीको नेवटर्क विस्तारले महत्वपूर्ण भूमिका खेल्ने बताए ।

मन्त्री गुरुङले आफूले प्रधानमन्त्री केपी शर्मा ओलीलाई यसै वर्ष फाइभ जी नेटवर्क सुरु गर्ने वचन दिएको बताउँदै त्यसको तयारीमा लाग्न नेपाल टेलिकमको ध्यानार्कषण गराए । 'साउथ एसियामै फाइभ जी नेटवर्क प्रयोग भइसकेको छ, हामी भने निकै पछि परेका छौं', उनले भने, 'प्रधानमन्त्री र मबीच फाइभ जी नेटवर्क कार्यान्वयन गर्ने विषयमा सम्झौता भइसकेको छ ।'

मन्त्री गुरुङले नेपाल टेलिकम जनताको अतिआवश्यक र महत्वपूर्ण सेवाप्रदायी संस्था भएकाले कार्यसम्पादनमा संवेदनशीलता अपनाउनुपर्ने सुझाव दिए । चालु आर्थिक वर्षमा कार्ययोजनाको लक्ष्य प्राप्तिका लागि सबैले इमान्दारीपूर्वक जिम्मेवारी बहन गर्न पनि उनले आग्रह गरे । कार्यक्रममा सञ्चार सचिव राधिका अर्यालले नेपाल टेलिकमले सतप्रतिशत लक्ष्य पूरा गर्ने गरी काम गर्नुपर्नेमा जोड दिइन् । सहसचिव कोशहरि निरौलाले कार्यसम्पादनमा उब्जिएका समस्या समाधान गर्दै योजना सम्पन्न गर्न आग्रह गरे ।

कार्यक्रममा एनटिसीका सात वटै प्रदेशका निर्देशकहरूले आ-आफ्ना भावी कार्ययोजनाको लक्ष्य पूरा गर्ने प्रतिबद्धता जनाएका थिए ।

# दसैंमा मुस्ताङबाट १५ हजार भेडाच्यांग्रा निकासी हुने

■ **प्रभाव संवाददाता**

**मुस्ताङ–** यस वर्ष मुस्ताङमा दसैं लक्षित भेडाच्यांग्रा पन्ध्र हजारको संख्यामा निकासी हुने प्रक्षेपण गरिएको छ । मुस्ताङका पाँचै वटा स्थानीय तहसँगको समन्वयमा जिल्ला भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले गरेको रिपोर्टिङका आधारमा सो संख्यामा भेडाच्यांग्रा बाहिरिने प्रारम्भिक प्रक्षेपण गरिएको हो ।

यहाँ गरिएको प्रारम्भिक आँकलनअनुसार गत वर्षको भन्दा यसवर्ष दोब्बर संख्यामा भेडाच्यांग्रा मुस्ताङबाट निकासी हुने अनुमान गरिएको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र कार्यालय मुस्ताङका प्रमुख डा लालमणि अर्यालले उल्लेख गरे । गतवर्ष मुस्ताङमा पालन गरिएका आठ हजारको संख्यामा दसैं लक्षित भेडाच्यांग्रा बैंसीतर्फ निकासी भएको कार्यालय प्रमुख डा. अर्यालको भनाइ छ । उनका अनुसार गतवर्ष डोल्पाबाट मुस्ताङ हुँदै चार हजार बढी भेडाच्यांग्रा बाहिरिएको थियो । गतवर्ष मुस्ताङ र डोल्पाको गरी मुस्ताङबाट कूल १२ हजार बढी च्यांग्रा निकासी भएको उनको भनाइ छ ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कार्यालय मुस्ताङको वार्षिक तथ्यांकअनुसार यहाँका पाँचै वटा पालिकामा ६४ हजार ४०८ भेडाच्यांग्रा र बाखाको संख्या रहेको छ । यहाँको पाँच पालिकामा च्यांग्रा ५६ हजार ४०५, भेडा पाँच हजार चार सय २६ र बाखा दुई हजार पाँच सय ७७ वटा रहेको कार्यालय प्रमुख डा. अर्यालले बताए ।

> मुस्ताङको उत्पादन र डोल्पाबाट भित्रिने भेडाच्याङ्ग्रा गरी करिब २० हजार बढी भेडाच्याङ्ग्रा मुस्ताङको जोमसोम हुँदै म्याग्दी र मुस्ताङको सीमाक्षेत्र घाँसाबाट बाहिरिन्छ ।
>
> ■ **डा. लालमणि अर्याल**
>
> **प्रमुख, पशुसेवा विज्ञ केन्द्र कार्यालय मुस्ताङ**

यहाँको लोमान्थाङ गाउँपालिकामा च्यांग्रा १४ हजार ३९८ र भेडा एक हजार ८२९, लोघेकर दामोदरकुण्डमा च्यांग्रा १७ हजार ३४९ र भेडा १४९, वारागुङ मुक्तिक्षेत्रमा च्यांग्रा २० हजार ६१६ र भेडा एक हजार ३०८, घरपझोङ गाउँपालिकामा च्यांग्रा चार हजार ४२, भेडा चार सय ३३, बाखा एक हजार उक सय ९४ र मुस्ताङको तल्लो क्षेत्र थासाङ गाउँपालिकामा भेडा ३७ र बाखा एक हजार तीन सय ८३ वटा रहेको जनाइएको छ ।

मुस्ताङमा सबै भन्दाबढी च्यांग्रापालन भएको वारागुङ मुक्तिक्षेत्रबाट पाँच हजार र अन्य चारपालिकाबाट दुई हजार पाँच सयको संख्यामा भेडाच्यांग्रा जिल्ला बाहिर निकासी हुने प्रक्षेपण गरिएको हो । यहाँ पालन गरिएको चार वर्ष कटेका वयस्क भेडाच्यांग्रा दसैं तिहार पर्वको छेकोमा निकासी हुने गरेको भेटेरिनरी चिकित्सक डा अर्यालले बताए ।

उनले मुस्ताङको तल्लो क्षेत्रमा दुई हजार पाँच सय बढीको संख्यामा सिनाल प्रजातीका बाखा र अन्य जातका बाखापालन भइरहेको बताए । यसवर्ष मुस्ताङमा १५ हजार बढी भेडाच्यांग्रा निकासी हुने र छिमेकी जिल्ला डोल्पाबाट पाँच हजार बढी च्यांग्रा आउने प्रारम्भिक अनुमान गरिएको छ । यहाँको उत्पादन र डोल्पाबाट भित्रिने भेडाच्यांग्रा गरी करिब २० हजार बढी भेडाच्यांग्रा मुस्ताङको जोमसोम हुँदै म्याग्दी र मुस्ताङको सिमाक्षेत्र घाँसाबाट बाहिरिने पशु चिकित्सक डा अर्यालको दाबी छ ।

गतवर्ष मुस्ताङमा प्रतिच्यांग्रा २८ हजारदेखि ३५ हजार मूल्यमा च्यांग्रा बिक्री गरिएको थियो । आवश्यक प्रक्रिया पुगे तिब्बत्बाट च्यांग्रा ल्याउन कुनै समस्या नरहेको मुस्ताङ भन्सार कार्यालयले जनाएको छ ।

## कर्पोरेट

### सिद्धार्थ बैंक र हिमालयन फ्रन्ट होटेलबीच सम्झौता

SiddharthaBank

**काठमाडौं (प्रस)–** सिद्धार्थ बैंक र हिमालयन फ्रन्ट होटेल प्रा. लि.बीच सम्झौता भएको छ । सम्झौताअनुसार बैंकका ग्राहक महानुभावहरूलाई विभिन्न सेवामा छुट प्रदान गर्ने गरिनेछ । सम्झौता अनुसार पोखरा स्थित हिमालयन फ्रन्ट होटेलमा बैंकका ग्राहकहरूले बैंकको कार्ड वा मोबाइल बैंकिङ प्रयोग गरी भुक्तानी गर्दा २० प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्नुहुनेछ । यस सम्झौताले ग्राहकहरूलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ ।

यस समन्वयको बारेमा थप जानकारीका लागि बैंकको २४ सै घण्टा सञ्चालनमा रहने ग्रहक सेवा केन्द्र, 'सिद्धार्थ केयर' मा निम्न माध्यमहरू मार्फत सम्पर्क गर्न सकिने पनि बैंकले जनाएको छ ।

### कजारियाको नयाँ शोरुम जोरपाटीमा




**काठमाडौं (प्रस)–** प्रतिष्ठित टाइल ब्रान्ड कजारियाले काठमाडौंको जोरपाटीमा एक अत्याधुनिक शोरूम स्थापना गरेर नेपालमा आफ्नो उपस्थिति अझ बलियो बनाएको छ । जिएनएस ट्रेडर्स द्वारा सञ्चालित यस नयाँ सुविधाले उच्च गुणस्तरका टाइलको बढ्दो मागलाई पूरा गर्न तथा ग्राहकहरूलाई एक उन्नत र उत्तम डिजाइन अनुभव प्रदान गर्ने लक्ष्य राखेको छ ।

शोरुमको उद्घाटन प्रतिनिधि सभा सांसद सन्तोष चालिसेले गरेका थिए । उक्त अवसरमा सांसद चालिसेले जोरपाटी क्षेत्रमा सञ्चालनमा आएको शोरुमले आफू उत्साहित भएको बताए । उनले भने, 'यो सुरुवात केवल एउटा व्यवसायिक उद्घघाटन मात्र होइन, यो आधुनिक र सुसज्जित काठमाडौंको हाम्रो दृष्टिकोणतर्फ एक ठुलो कदम हो । कजारियाको उपस्थिति यहाको स्थानीय बजार र हाम्रा जनताप्रति राखिएको विश्वासलाई प्रतिबिम्बित गर्दछ ।' कजारिया रमेश टाइल्स लिमिटेडका निर्देशक हिमांशु अग्रवालले अवसरमा बोल्दै, कम्पनीले नवप्रवर्तन र ग्राहक सन्तुष्टिलाई प्राथमिकता दिएको बताए ।

काठमाडौंको जोरपाटीमा अवस्थित, यस नयाँ शोरूममा उच्च गुणस्तरका टाइलहरूको व्यापक संग्रह प्रदर्शित गरिएको छ, जसले ग्राहकहरूलाई पहुँच र सुविधा दुवै प्रदान गर्दछ। यो विस्तारले गुणस्तर र डिजाइनप्रतिको काजरियाको निरन्तर प्रतिबद्धता झल्काउँछ र नेपालको निर्माण तथा आन्तरिक डिजाइन क्षेत्रमा यसको स्थानलाई अझ सुदृढ बनाउने कम्पनीको दाबी रहेको छ ।

यस शोरूमको सुरुवातले नेपालभर उच्च गुणस्तरका टाइलहरू सहज रूपमा उपलब्ध गराउने कजारियाको मिशनलाई अगाडि बढाउँदै एक महत्वपूर्ण उपलब्धिको रूपमा चिन्हित गरेको छ । विश्वस्तरीय मापदण्ड अनुसार तयार गरि अत्याधुनिक प्रविधिद्वारा निर्मित काजारिया रामेश टाइल्स लिमिटेडले आधुनिक सजावटका बदलिँदो रुचिहरूलाई ध्यानमा राख्दै ४,००० भन्दा बढी विशेष डिजाइन बजारमा ल्याएको छ । नेपालभर ४५ भन्दा बढी एक्सक्लुसिभ शोरूमहरू र १०० भन्दा बढी भरपर्दो डिलरहरू रहेका छन् ।

### मञ्जुश्री फाइनान्सको कर्पोरेट कार्यालय थापाथलीस्थित आफ्नै भवनमा



**काठमाडौं (प्रस)–** मन्जुश्री फाईनान्स लिमिटेडको केन्द्रीय कार्यालय का.म.न.पा. ११, थापाथलीस्थित आफ्नै भवनमा स्थानान्तरण भएको छ । सो केन्द्रीय कार्यालय भवनको उद्घाटन संस्थाका संचालक समितिका अध्यक्ष सुमन प्रसाद अधिकारीले गरेका छन् ।

संस्थाका प्रमुख कार्यकारी अधिकृत तेज राज तिमिल्सिनाले ग्राहकको साथ, विश्वास र मायाले निरन्तर अघि बढिरहेको फाईनान्सले आगामी दिनमा अझ परिस्कृत र उत्कृष्ट सेवा दिने बताए । नयाँ बानेश्वरस्थित साविकको शाखा कार्यालयलाई यथावत राख्दै हाललाई संस्थाको कर्पोरेट अफिस स्थानान्तरण भएको हो ।

हाल सम्म करिव २३.५ अर्ब निक्षेप संकलन गरि करिव १९ अर्ब कर्जा परिचालन गरेको यस मन्जुश्री फाईनान्सले निक्षेपमा आकर्षक ब्याजदर तथा सुलभ दरमा कर्जा प्रवाह गर्दै आईरहेको छ । फाईनान्सले हालसम्म २७ वटा शाखाका साथै एउटा विस्तारित काउन्टरबाट आफ्नो ग्राहकहरूलाई उत्कृष्ट बैंकिंग सेवा उपलब्ध गराउदै आईरहेको छ । हाल सम्म १ लाख ५० हजार भन्दा बढी सन्तुष्ट ग्राहकहरूलाई सेवा पुऱ्याउदै आईरहेको मन्जुश्री फाईनान्स देशकै अग्रणी फाईनान्स कम्पनीको रूपमा रहेको छ ।

### सानिमा बैंकका ग्राहकलाई बस सेवाबाट टिकट खरिद गर्दा आकर्षक 'क्यासब्याक'




**काठमाडौं (प्रस)–** सानिमा बैंकले आफ्ना ग्राहकहरूलाई डिजिटल बैंकिङ्का माध्यमहरू प्रयोग गरी डिजिटल भुक्तानी प्रोत्साहन गर्न बससेवासँग आकर्षक क्यासव्याकको व्यवस्था गरेको छ ।

उक्त व्यवस्था अन्तर्गत ग्राहकहरूले सानिमा भिसा डेबिट/क्रेडिट कार्ड मार्फत अनलाइन भुक्तानी गरी बससेवाबाट नेपालभरिको बस टिकटको खरिदमा १५ प्रतिशत वा अधिकतम रु.२०० सम्म र भारतको बस टिकटको खरिदमा १५ प्रतिशत वा अधिकतम रु.४०० सम्मको क्यासव्याक प्राप्त गर्न सक्नेछन् । यो योजना २०८२ भाद्र १५ देखि २०८२ फाल्गुन १४ गतेसम्मका लागि लागू हुनेछ ।

बैंकले यसैगरी ग्राहकहरूलाई विभिन्न छुट तथा अफरहरू प्रदान गरी डिजिटल भुक्तानीको अधिकतम् प्रयोग गर्न प्रोत्साहन गर्दै आएको छ । छुटको विस्तृत विवरण बैंकको वेबसाइटमा रहेको पनि बैंकले जनाएको छ । बैंकले हाल देशको सातै प्रदेशमा १३४ वटा कार्यालयहरू तथा १२७ वटा ए.टि.एम.बाट सेवा प्रवाह गर्दै आएको छ ।

# दोहोरो अंकले बढ्यो नेप्से

**काठमाडौं (प्रस) –** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको सुधार देखिएको छ । सोमबार परिसूचक १२ दशमलव ०३ अंकले बढेर दुई हजार ७६१ दशमलव ८६ को विन्दुमा कायम भएको हो ।

विभिन्न ३२६ कम्पनीका एक करोड १४ लाख ४० हजार ८४४ कित्ता सेयर ६८ हजार ७७५ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब १० करोड ५७ लाख ४६ हजार ६५७ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा व्यापार समूह शून्य दशमलव ८५ र अन्य समूह शून्य दशमलव ०३ प्रतिशतले घटेको छभने अरू सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै बैंकिङ समूह एक दशमलव ५०, विकास बैंक शून्य दशमलव ५२, वित्त शून्य दशमलव १४, होटल तथा पर्यटन शून्य दशमलव ४३, जलविद्युत् शून्य दशमलव ०८ र लगानी समूह शून्य दशमलव १८ प्रतिशतले बढेको छ ।

# अगस्टमा भित्रिए ८८ हजारभन्दा बढी पर्यटक

**काठमाडौं (प्रस)–** सन् २०२५ को अगष्टमा ८८ हजार ६८० पर्यटक नेपाल भित्रिएका छन् । नेपाल पर्यटन बोर्डले सार्वजनिक गरेको तथ्यांकअनुसार गत वर्षको तुलनामा यस वर्षको अगस्टमा २२ प्रतिशत विन्दुले पर्यटक आगमनमा वृद्धि भएको देखिएको छ ।

बोर्डको तथ्यांकअनुसार नेपाल आएका पर्यटकमध्ये भारतबाट ३५ हजार ५०५ अर्थात् ४० प्रतिशत पर्यटक भित्रिएका छन्भने चीनबाट सात हजार ५३३ अर्थात् ८.५, अमेरिकाबाट ६ हजार ६८ अर्थात् ६.८ प्रतिशत, श्रीलंकाबाट पाँच हजार ९५६ अर्थात् ६.७ प्रतिशत र बंगलादेशबाट चार हजार २६२ अर्थात् ४.८ प्रतिशत पर्यटक भित्रिएका छन् ।

सन् २०२५ को जनवरीदेखि अगस्टसम्म आठ महिनाको अवधिमा सात लाख ३६ हजार ५६२ पर्यटक भित्रिएका छन् । बोर्डले सार्वजनिक गरेको तथ्यांकअनुसार क्षेत्रगत रूपमा हेर्दा दक्षिण एसियाली (सार्क) मुलुकबाट ४७ हजार १३७ पर्यटक अर्थात् ५३ प्रतिशत आगमन भएको देखिन्छ भने एसियाका अन्य मुलुकमा १५ हजार ७७७ अर्थात् १७.८ प्रतिशत, युरोपबाट ११ हजार १३२ अर्थात् १२.६ प्रतिशत र ओसनियाबाट दुई हजार ४३५ अर्थात् २.७ प्रतिशत पर्यटक भित्रिएका छन् ।

त्यसैगरी, अमेरिकाबाट सात हजार २९३ अर्थात ८.२ प्रतिशत, मध्यपूर्वबाट ९४४ अर्थात् १.१ प्रतिशत, अफ्रिकाबाट ३२२ अर्थात् ०.४ प्रतिशत र अन्य मुलुकबाट तीन हजार ६४० अर्थात् ४.१ प्रतिशत पर्यटक आगमन भएको छ । सन् २०२५ को जुलाईमा ७० हजार १९३ पर्यटक भित्रिएका थिए ।

कोरोना महामारीले थला परेको नेपालको पर्यटन क्रमशः पुनरुत्थानका क्रममा रहेको बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले बताए । उनले भने, 'भारतबाट एयर इन्डिया एक्सप्रेस थपिँदा पनि भारतबाट आउने पर्यटकको संख्या वृद्धि भएको देखिएको छ । अबको अवधि निरन्तर पर्यटक आगमन वृद्धि हुनेमा आशावादी छौं ।'

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ